# व्यवस्थापन तालिमले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय स्नातकोत्तर
तह दोश्रो बर्ष शैक्षिक योजना तथा व्यवस्थापन
बिषयको आंशिक आवश्यकता पूरा गर्नका
लागि तयार पारिएको
**शोधपत्र**


**शोधार्थी**
*किशोर पोखरेल*
*परीक्षा रोल नं. २१४००७९/०६५*
*त्रि.वि. दर्ता नं. ६९३९-८७*
*क्याम्पस रोल नं. ३३४*
*२०६३/०६५*



**सुकुना बहुमूखी क्याम्पस**
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ्ग

२०६८, असार

☎ : ०२१-५४५६१७ त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त फ्याक्स : ०२१-५४५७१७

# सुकुना बहुमुखी क्याम्पस

# SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित : २०४८

स्नातकोत्तर कार्यक्रम
**Degree Programme (M.Ed.)**

पत्र सङ्ख्या :
चलानी नम्बर : मिति .....................

विषय :

सिफारिस -पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङको शैक्षिक योजना तथा व्यवस्थापन (EPM) विषयमा स्नातकोत्तर तहका विद्यार्थी श्री किशोर पोखरेलद्वारा प्रस्तुत व्यवस्थापन तालिमले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार गर्नु भएको हो । प्रस्तुत शोध अध्ययनप्रति म पूर्ण सन्तुष्ट छु । शोधार्थीको सफलताको कामना गर्दै यो शोधपत्र आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

. भोजराज घिमिरे
शोध निर्देशक
सुकुना बहुमुखी क्याम्पस

मिति २०६८/०२/१२

☎ : ०२१-४४५६१७ त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त फ्याक्स : ०२१-४४५७१७

# सुकुना बहुमुखी क्याम्पस

# SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ

INDRAPUR, MORANG

स्थापित : २०४८

स्नातकोत्तर कार्यक्रम

**Degree Programme (M.Ed.)**

पत्र सङ्ख्या :

चलानी नम्बर : मिति ....................

विषय :

स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङका एम.एड. द्वितीय वर्षका विद्यार्थी किशोर पोखरेलले शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम.एड. तहको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गर्नुभएको व्यवस्थापन तालिमले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव शीर्षकको शोधपत्र मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| क.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | लक्ष्मीकुमार श्रेष्ठ | विभागिय प्रमुख | |
| २ | भोजराज घिमिरे | शोध निर्देशक | |
| ३. | रामप्रसाद कारन्जित | बाह्य परीक्षक | |

## कृतज्ञता ज्ञापन

त्रिभूवन विश्वविद्यालय स्नातकोत्तर तह शैक्षिक योजना तथा व्यवस्थापन बिषयको दोश्रो बर्ष (EPM 598) को आवश्यकता परिपूर्ति गर्न यो शोध पत्र तयार पारिएको हो । **व्यवस्थापन तालिमले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव** शीर्षकमा रही यो शोध कार्य गरिएको छ । शोधपत्र स्थलगत अध्ययनबाट प्राप्त सूचनाको आधारमा तयार पारिएको हो । प्रधानाध्यापकले व्यवस्थापकीय पक्ष सुधार गरेपछि विद्यालयमा हुने परिवर्तनहरु यसमा देखाइएकोले परिवर्तन गर्नसक्ने अवस्था कस्ता हुदाँ रहेछन भन्ने हेर्नमा यो शोध उपयोगी हुने छ भन्ने आशा गरिएको छ ।

शोध अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा प्रस्तावना कार्यदेखि शोध कार्य पूरा गर्नसम्म महत्वपूर्ण निर्देशन सल्लाह, सुझाव हौसला एवं मार्गदर्शन गर्नु हुने शोध निर्देशक श्री भोजराज घिमिरे प्रति कृतज्ञता ज्ञापन गर्दछु । साथै सल्लाह र सुझाव दिई अनुसन्धानमा सहयोग गर्नु हुने विभागीय प्रमुख लक्ष्मीकुमार श्रेष्ठ, खगेन्द्रप्रसाद लुइटेल र केशवराज भट्टराई प्रति पनि आभारी छु । भाषिक शुद्धता हेरिदिइ गर्नुभएको सहयोग प्रति बुवा देवी भक्त शर्मा तथा मित्र कृष्णप्रसाद भट्टराई प्रति पनि आभार ब्यक्त गर्दछु । त्यसैगरी अध्ययनका क्रममा सूचना तथ्याङ्क र विभिन्न पुस्तक कृति जानकारी लगायत अन्य सहयोग गर्नु हुने शैक्षिक तालिम केन्द्र इलामका प्रमुख, श्री जनक उ.मा.वि., मेची नि.मा.वि. र राष्ट्रिय प्रा.वि. का प्र.अ., वि.व्य.स. अध्यक्ष ज्यू लगायत शिक्षकहरु प्रति पनि आभारी छु ।

अन्त्यमा सारै छोटो समयमा भाषिक शुद्धता सहित आकर्षक ढंगले कम्प्युटर सेटिङ्ग गरी छपाई गरिदिनु हुने त्रिवेणी कम्प्युटर सेन्टर, विराटनगरका जय प्रसाद पौडेल लाई पनि धन्यवाद दिन चाहन्छु ।

शोधार्थी
*किशोर पोखरेल*

# शोधसार

***व्यवस्थापन तालिमले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव*** शीर्षकमा तयार परिएको यस अध्ययनको मुख्य उद्देश्य व्यवस्थापन तालिमले विद्यालयको शिक्षण सिकाइ र व्यवस्थापकीय पक्षमा पर्ने प्रभावको अध्ययन गर्ने रहेको छ ।

ग्रेगरको एक्स वाई र मेक क्ल्याण्डको उपलब्धिको सिद्धान्तलाई आधार बनाएर तयार पारिएको यो अध्ययनमा प्रधानाध्यापकहरुलाई समय सापेक्ष व्यवस्थापनका तरिकाहरु प्रदान गर्न दिइएको तालिम र उनीहरुले तालिम पछाडि विद्यालय गई चालेको कदमले ल्याएका परिवर्तनहरुको अवस्था विश्लेषण गरिएको छ । अध्ययनलाई पूर्णता दिनका लागि पूर्व साहित्यहरुको अध्ययन गरी आवश्यक पर्ने सिद्धान्त सम्बन्धि ज्ञान र अध्ययनको विधिको लागि आवश्यक उर्जा प्राप्त गर्ने प्रयास गरिएको छ ।

शोध बिषयलाई यथार्थता दिनका लागि यस प्रकारका साहित्य र सिद्धान्त अध्ययन गरिएको हो भने यसका लागी गुणात्मक विधिमा आधारित भई वस्तुगत अवस्थको पहिचान र समस्या समाधानका उपाय पत्ता लगाउने गरी अध्ययन ढाँचा तयार पारिएको छ । अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क र विवरणहरु संकलनका लागि अध्ययन उद्देश्यमा केन्द्रित रही अध्ययन क्षेत्रमा स्थलगत रुपमा गई अन्तरवार्ता, अन्तर्क्रिया, अवलोकन र अभिलेख अध्ययनबाट तथ्याङ्क र विवरण संकलन गरिएको छ । थप जानकारीका लागि शैक्षिक लेख, पुस्तक, पुस्तिकाहरु अध्ययन गरिएको छ । प्राप्त भएका विवरणहरुलाई उद्देश्य र प्रयोजन अनुरुप वर्गीकरण र व्याख्या र विश्लेषण गरिएको छ ।

विद्यालयको शैक्षिक, भौतिक लगायत समग्र पक्षमा सुधारात्मक कदम चाल्दा विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा पनि सकारात्मक प्रभाव पर्ने रहेछ भन्ने वास्तविकता अध्ययनबाट देखिएको छ । विद्यालय सु-संचालनका लागि आवश्यक विधि र तरिकाहरुका लागि समेत सबै प्र.अ.हरु लाई व्यवस्थापन सँग सम्बन्धित तालिम दिनै पर्ने रहेछ र त्यस्ता तालिमले प्र.अ. लाई विद्यालयका लागि के के कार्यक्रम गर्न आवश्यक हुन्छ भन्नेमा पनि जानकार बनाउने रहेछ भन्ने पनि अध्ययनबाट स्पष्ट भएको छ ।

अध्ययनका लागि फरक फरक विद्यालय भन्दा पनि एउटै विद्यालयको तालिम पूर्व र पछिको तुलनात्मक अध्ययन गरिएको छ ।

अध्ययनबाट जति सुकै तालिम प्राप्त प्र.अ. भएपनि र जस्तो व्यवस्थापन भएपनि काम गर्दै जाने क्रममा सबैले विविध समस्याहरुको सामना गर्नै पर्ने रहेछन भन्ने पाइएको छ र उक्त समस्याहरुलाई समाधान गर्न एउटा तालिम प्राप्त प्र.अ. को हैसियतले के के गर्न सकिन्छ भन्ने समाधानका उपायहरु पनि सुझाइएका छन । यस्ता समस्या तथा समाधानका उपायहरु माथिल्लो तहका नीतिगत देखि लिएर व्यवाहारिक र स्थानीय तह सम्मका रहेका छन् ।

v

# बिषय सूची


| | |
|---|---|
| | पेज नं. |
| **सिफारिस पत्र** | I |
| **स्वीकृति पत्र** | II |
| **कृतज्ञताज्ञापन** | III |
| **शोधसार** | IV |
| **परिच्छेद एकः परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनको उद्देश्यहरु | ७ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ७ |
| १.६ अध्ययनको परिसीमा | ७ |
| १.७ शब्दावलीहरुको परिभाषा र व्याख्या | ७ |
| **परिच्छेद दुईः पूर्व साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | |
| २.१ सम्बन्धीत साहित्यको पुनरावलोकन | ९ |
| २.२ सैद्धान्तिक खाका | १२ |
| २.३ शैक्षिक उपादेयता | १४ |
| **परिच्छेद तीनः अध्ययन विधि** | |
| ३.१ अनुसन्धानात्मक ढाँचा | १६ |
| ३.२ अध्ययनको जनसंख्या | १६ |
| ३.३ नमूनाको आकार र छनौटको प्रक्रिया | १६ |
| ३.४ नमूना छनौटका आधारहरु | १७ |
| ३.५ अनुसन्धानका साधनहरु | १७ |
| ३.६ तथ्याङ्कको श्रोत | १८ |
| ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया | १९ |
| **परिच्छेद चारः तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण** | |
| ४.१ तालिमले शिक्षण सिकाइमा पारेको प्रभाव | २० |
| ४.१.१ शिक्षण सिकाई अवस्था | २० |
| ४.१.२ भौतिक व्यवस्थापन अवस्था | २३ |
| ४.२ तालिमले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव | २५ |
| ४.२.१ योजना निर्माण र प्रयोगको अवस्था | २५ |
| ४.२.२ विद्यालयका विभिन्न क्रियाकलापहरुको तुलनात्मक अवस्था | २७ |
| ४.३ विद्यालय व्यवस्थापनमा आइपर्ने समस्याहरु | ३० |
| ४.४ विद्यालय व्यवस्थापनका समस्या समाधानका उपायहरु | ३३ |

## परिच्छेद पाँच प्राप्ति निष्कर्ष र सुझावहरु


५.१ प्राप्ति ३६
५.२ निष्कर्ष ३७
५.३ सुझावहरु ३८

**सन्दर्भग्रन्थसूची**
**अनुसूचीहरु**

# संक्षिप्त रुप

| | |
|---|---|
| प्र.अ. | प्रधानाध्यापक |
| वि.नि. | विद्यालय निरीक्षक |
| स्रो.ब्य. | स्रोत ब्यक्ति |
| शै.ज.वि.के. | शैक्षिक जनशक्ति विकास केन्द्र |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| गा.वि.स. | गाउँ विकास समिति |
| मा.वि. | माध्यमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| जि.शि.अ. | जिल्ला शिक्षा अधिकारी |
| त्रि.वि. | त्रिभूवन विश्वविद्यालय |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

कुनै पनि मुलुकको विकासको आधारशिला र मेरुदण्ड शिक्षा हो । सक्षम उत्पादनशील अनुशासित र दक्ष नागरिक तयार गर्न शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि शिक्षा व्यवहारोपयोगी,समय सापेक्ष, गुणस्तरीय र प्रभावकारी हुन जरुरी छ । शिक्षाले आफ्नो मौलिक मूल्य मान्यता र नैतिकताको स्थापनामा पनि विशेष चासो राख्नु पर्छ । समयको परिवर्तन सँग सँगै शिक्षालाई सामयिक र समय सापेक्ष बनाउनका लागि नीति निर्माण, गुणस्तरीयता र व्यवस्थापन पक्ष समेतमा परिवर्तन गरी चुस्तता ल्याउन जरुरी भइसकेको छ । यसका लागि शिक्षा क्षेत्रमा कार्यरत हरेक पक्षलाई परिवर्तन गराउनु पर्ने हुन्छ (शर्मा, २०६४) ।

प्राचीनकालमा शिक्षण सिकाइ र सुपरिवेक्षण लगायतका सबै कार्य परिवारमा सिमित थियो । आफ्नो आमा बुवाले छोरा छोरीलाई व्यवहारिक कुरा सिकाउने चलनबाट शिक्षा शुरु भई आजसम्म विभिन्न अवस्थामा व्यवस्थित हुँदै शिक्षाले औपचारिकता पाएको छ । विश्वमा हालसम्म शिक्षण सिकाइमा कसरी सुधार गर्न सकिन्छ भनी विभिन्न अनुसन्धानहरु भए र भइरहेका छन् । यस्ता अनुसन्धानकाट प्राप्त निष्कर्ष तथा सिद्धान्तहरुलाई शैक्षिक क्षेत्रमा प्रयोग गरी राखिएका छन् । यसै सन्दर्भमा शैक्षिक सुपरिवेक्षणको अनुसन्धान अभिमूखिकरण कालखण्ड (सन् १९६० देखि यता) को शिक्षालाई अनुसन्धानमूलक, खोजमूलक, अन्वेषणमूलक बनाई शिक्षण सिकाइ र समग्र पक्ष सुधार गर्नुपर्छ भन्ने दर्शनमा आधारित छ (पौडेल, २०६७) ।

वि.सं. १९१० को दरबार हाई स्कूल र मिस्टर क्यानिङको प्रथम प्रधानाध्यापकत्व देखि १९९६ को पहिलो शिक्षा सम्बन्धी कानुन हुँदै अगाडि बढेको नेपालको शिक्षा प्रणाली हाल आएर यति जटिल र प्रतिस्पर्धात्मक भईसकेको छ कि यसमा संलग्न एउटा मात्र पक्षले अज्ञानता वा अनभिज्ञता जनाउने रतिभर पनि ठाउँ छैन । नेपालको अन्तरिम संविधान २०६३ ले समेत शिक्षालाई व्यक्ति र समाजको समग्र विकासको निमित्त अनिवार्य पूर्वसर्तका साथै मानिसको नैसर्गिक अधिकारका रुपमा लिएको पाइन्छ । यसै सन्दर्भमा अवका दिनमा शिक्षाले द्रुत गतिमा बदलिदो संसारका नयाँ नयाँ चुनौतीहरुको सामना गर्न र परिवर्तित

परिस्थितिमा सामञ्जस्य गर्दै उपलब्ध अवसरहरुलाई आत्मसात गर्न सक्षम हुनु पर्छ भन्ने मान्यता स्थापित भई सकेको छ (रेग्मी, २०६४) ।

शैक्षिक संस्थाको लागि व्यवस्थापन महत्वपूर्ण पक्ष हो । शिक्षण सिकाइ एक सामाजिक प्रक्रिया हो । जसबाट समाजका सम्पूर्ण वर्ग प्रभावित हुन्छन् । शिक्षकले विद्यार्थी अभिभावक र समुदाय बीच घनिष्ट सम्बन्ध एवं समन्वय स्थापित गर्नु पर्छ । आर्थिक र भौतिक पक्षको समन्वय, सहभागिता र सहयोगबाट उद्देश्य पूरा गर्न सकिन्छ । यसको उचित प्रयोग र सञ्चालन कुशल व्यवस्थापनबाट मात्र संभव छ । शैक्षिक व्यवस्थापन पनि सामाजिक परिवर्तन सँगसँगै परिवर्तन भइरहन्छ । शिक्षण सँस्थाको केन्द्रविन्दु नै व्यवस्थापन हो । मानवीय स्रोत र साधनहरुको परिचालन गरी राष्ट्रिय लक्ष्य र उद्देश्य पूरा गर्न शैक्षिक नेतृत्वले ठूलो जिम्मेवारी बोध गर्नुपर्छ । यसरी व्यवस्थापन एक सक्रीय र गतिशील साधन भएकोले योजना तर्जुमादेखि संगठन निर्देशन, समन्वय, नियन्त्रण र मूल्याङ्कन जस्ता कार्य शैक्षिक संस्थामा निरन्तर चलिरहन्छन् । यस्ता कार्य गराउने जिम्मेवारी शैक्षिक व्यवस्थापकको हो (कोइराला र श्रेष्ठ, २०६२) । प्रत्येक शैक्षिक संस्थामा प्रधानाध्यापकलाई शैक्षिक व्यवस्थापनको जिम्मा दिइएको हुन्छ ।

विद्यालयको दैनिक प्रशासन संचालन गर्ने कार्यमा प्रधानाध्यापकको महत्वपूर्ण भूमिका रहन्छ । उनको नेतृत्व सबल र प्रभावकारी भयो भने विद्यालयले वाञ्छित लक्ष्य प्राप्त गर्नसक्छ । शिक्षक प्रधानाध्यापक वा अभिभावकहरुले भनेको कुरा भन्दापनि उनीहरुले गरेको कार्यको बढी प्रभाव विद्यार्थीहरुमा पर्दछ । यसैले प्रधानाध्यापक कुशल व्यक्ति हुनु पर्छ, उनी शिक्षक, विद्यार्थी र समाजका नेता हुन । यसैले उनीमा विद्यार्थी अभिभावक र समाजलाई समन्वय गर्न सक्ने क्षमता हुनु पर्छ । यस्तै उनीमा शिक्षक एवं विद्यार्थीहरुलाई आवश्यक निर्देशन र नियन्त्रण गर्ने क्षमता पनि हुनु आवश्यक छ । उनीमा विद्यालयको बार्षिक  योजना तयार गर्ने, दैनिक प्रशासन संचालन गर्ने, पठनपाठनको अनुगमन तथा निरीक्षण गर्ने र अतिरिक्त क्रियाकलाप संचालनको व्यवस्था मिलाउने जस्ता कार्य गर्ने गुण र सीप हुन जरुरी छ ( शिक्षा, २०६४) ।

सबै बालबालिकाहरुलाई समय सापेक्ष र परिवेश अनुकूल गुणस्तरीय शिक्षाको पहुँच उपलब्ध गराउनु राज्यको प्रमुख कर्तव्य ठानिएकोले नै शिक्षा क्षेत्रका विभिन्न नीति नियम र योजना आयोजनाहरु कार्यान्वयन गरी राखिएको छ । यसै सन्दर्भमा विद्यालय सञ्चालन तथा

व्यवस्थापनको मुख्य जिम्मेवारी पाएको व्यक्ति प्रधानाध्यापकको भूमिकालाई विभिन्न समयमा गठित आयोगका प्रतिवेदन र अध्ययन अनुसन्धान लगायत शिक्षा ऐन तथा नियमले समेत उच्च मूल्याङ्कन गर्दै आइरहेको छ । कसैको भूमिका तथा उसले गर्नु पर्ने कामको जतिसुकै उच्च मुल्याङ्कन गरेपनि व्यक्ति स्वयंमा उसलाई जिम्मा दिइएको काम गर्न सक्ने ज्ञान, सीप र क्षमता छैन भने त्यस्ता मूल्याङ्कनहरु सार्थक ठहरिन्नन् । यसै तथ्यलाई महशुस गरी सरकारले प्रत्येक विद्यालयमा सबै शिक्षकहरु भन्दा प्र.अ. एक तह माथिको हुनु पर्ने र उक्त व्यक्ति अन्य शिक्षक सरहको तालिम प्राप्त मात्र नभएर प्र.अ. चलाउने र विद्यलाय व्यवस्थापन गर्न सक्ने छुट्टै तालिम प्राप्त समेत हुनु पर्ने भन्ने व्यवस्था गरेको छ (रेग्मी, २०६४) ।

कुनैपनि काम गर्ने व्यक्तिले हाल गरिरहेको वा  भविष्यमा गर्ने कामलाई प्रभावकारी ढंगले सञ्चालन गर्नका लागि आवश्यक पर्ने ज्ञान, सीप र धारणाको विकास गर्ने प्रक्रियालाई तालिम भनिन्छ । तालिमलाई ज्ञान बढाउने, सीप सिकाउने र धारणामा परिवर्तन गराउने महत्वपूर्ण साधनका रुपमा लिइने गरेको पाइन्छ । तालिमले वैयक्तिक उन्नति गराउंछ, वृत्ति विकास गराउनुका साथै, क्षमता अभिवृद्धि गराउंछ, कार्यशैलीमा प्रभावकारीता ल्याउंछ र मनोवलमा वृद्धि गराउंछ । समग्रमा र गणितीय भाषामा भन्ने हो भने कुनैपनि व्यक्तिमा हुनु पर्ने निर्दिष्ट ज्ञान सीप र अभिवृद्धि तथा उसमा विद्यमान ज्ञान, सीप र अभिवृद्धि बीचको अन्तर नै तालिम हो ।

नेपालको शिक्षक तालिमको इतिहास हेर्दा शिक्षक तालिमको औपचारिक शूरुवात वि.सं. २००४ मा स्थापना भएको आधार शिक्षा अन्तर्गत आधार प्रशिक्षण केन्द्रलाई मान्न सकिन्छ । २००७ सालको परिवर्तन पछि आधार प्रशिक्षण केन्द्रहरु बन्द भएपनि २०१३ सालमा त्यसैलाई नेपाल शिक्षक शिक्षण केन्द्रका रुपमा सञ्चालनमा ल्याइयो । शिक्षक तालिमको अवधि १० महिना बनाइयो । वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि शिक्षक हुनलाई तालिम अनिवार्य गराइयो र सेवाकालिन र पूर्व सेवाकालिन गरी विभिन्न प्रकारका तालिमहरु सञ्चालन समेत गरिए । राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदन अनुसार वि.सं. २०५० सालमा शैक्षिक जनशक्ति विकास केन्द्र स्थापना भएपछि यसले सबै शैक्षिक तालिम कार्यक्रमलाई समन्वय गऱ्यो र यसले शैक्षिक तालिमको छाता

संगठनका रुपमा काम गर्दै आएको छ । यसले संचालन गर्ने विभिन्न तालिमहरु मध्ये दश महिने सेवाकालिन शिक्षक तालिम, प्र.अ.हरुका लागि एक महिने व्यवस्थापन तालिम, पुनर्ताजगी तालिम र मागमा आधारित तालिमहरु रहेका छन् ( शिक्षा, २०६४) ।

शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षक र शिक्षा व्यवस्थापकहरुको क्षमता अभिवृद्धि एवं शिक्षा क्षेत्रका अनुसन्धानात्मक तथा प्रयोगात्मक कार्यहरुमा केन्द्रित भई मानव संसाधन विकास कार्यक्रमहरुको विकास र कार्यान्वयन गर्ने शीर्षस्थ संस्थाको जिम्मेवारी पाएको छ । आफ्ना जिम्मेवारीहरु पूरा गर्नका लागि यस केन्द्र अन्तर्गत ९ वटा शैक्षिक तालिम केन्द्र क, २० वटा शैक्षिक तालिम केन्द्र ख, पाँच वटा शैक्षिक तालिम उपकेन्द्र स्थापना भई क्रियाशिल रहेका छन । अनुसन्धान र नयाँ प्रविधिका माध्यमद्वारा गुणात्मक शिक्षाको प्रत्याभूतिका लागि उत्कृष्ट शैक्षिक व्यवस्थापन र शैक्षणिक क्रियाकलापहरुको अभिवृद्धि गर्नसक्ने सक्षम र गतिशील जनशक्ति तयार गर्न नेतृत्वदायी भूमिका खेल्न सक्ने अन्तराष्ट्रिय स्तरमा पहिचान भएको संस्थाका रुपमा स्थापित गर्ने शैक्षिक जनशक्ति विकास केन्द्रको दूरदृष्टि रहेको छ (शै.ज.वि.के, २०६५) ।

शैक्षिक जनशक्ति विकास केन्द्रले दश महिने सेवाकालिन शिक्षक तालिम (तीनै तहमा शिक्षकहरुका लागि), दश महिने पूर्व सेवाकालिन प्राथमिक शिक्षक तालिम, एक महिने विद्यालय व्यवस्थापन तालिम, पुनर्ताजगी तालिमहरु र मागमा आधारित तालिमहरु सञ्चालन गर्दै आएको छ (अधिकारी र पौडेल, २०६३) । यसै सन्दर्भमा एक महिने व्यवस्थापन तालिम लिएपछि विद्यालयको व्यवस्थापकीय पक्षमा साबिकको अवस्थामा सुधारको अपेक्षा गर्नु स्वाभाविक ठहर्छ र सुधारका सङ्केतहरु समेत देखा परेका छन् (रेग्मी, २०६४) ।

सार्वजनकि विद्यालहरुमा कार्यरत प्रधानाध्यापकहरु मध्ये धेरैलाई एक महिने विद्यालय व्यवस्थापन तालिम प्रदान गरी सकिएको वर्तमान सन्दर्भमा त्यसरी प्रदान गरिएको तालिमबाट प्राप्त ज्ञान र सीपलाई विद्यालय व्यवस्थापन सुधारमा गरिएको प्रयोगको अवस्था अध्ययन गर्न सान्दर्भिक ठानी व्यवस्थापन तालिमले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव शीर्षकमा यो अध्ययन गरिएको हो ।

## १.२ समस्याको कथन

विद्यालय एउटा सामुदायिक संस्था हो । यसले समाजमा रहेका हरेक रुची, इच्छा र चाहना भएका व्यक्तिहरुको आवश्यकतालाई सम्बोधन गर्नसक्नु पर्छ । समुदायको आवश्यकतालाई पहिचान गरी सोही बमोजिम समाजलाई चाहिने दक्ष जनशक्ति उत्पादन गर्ने वा जनशक्ति निर्माणको पूर्वाधार खडा गर्ने जिम्मेवारी विद्यालयसँग निहित रहेको हुन्छ । समाजको यति ठूलो दायित्व बहन गरेको संस्था विद्यालयलाइ सञ्चालनको अधिकार पाएको व्यक्ति प्रधानाध्यापक स्वयं उच्च दक्ष नभई नहुने तथ्य यसबाट हामीलाई प्रष्ट हुन्छ । यति मात्र होइन विद्यालय सुसञ्चालनका लागि आवश्यक वातावरण बनाउने, आवश्यक मात्रामा स्रोत र साधन जुटाउने, जुटाइएको स्रोत साधनलाई समुचित प्रयोग गर्ने र अन्त्यमा विद्यालयबाट प्राप्त हुने प्रतिफललाई उच्च बनाउने कार्यमा पनि एउटा कुशल प्रधानाध्यापकको भूमिका उच्च नै हुने गर्दछ ।

समाजको यस्तो उच्च जिम्मेवारी बोकेको यस्तो महत्वपूर्ण संस्था सञ्चालनको जिम्मा लिने यस्तो गरिमामय पदलाई समय समयमा हुने परीक्षण र नियमावली परिवर्तन जस्ता कुराले प्रभाव पार्ने गरेको पाइएको छ । एउटा निश्चित अवधिका लागि मात्र प्र.अ. खटाइने, विद्यालयमा विद्यमान स्थायी शिक्षकहरुमध्ये जो एक जना भएपनि हुने, कहिले जिल्ला शिक्षा कार्यालयले प्र.अ. तोक्ने त कहिले वि.व्य.स. ले छनौट गर्ने जस्ता अभ्यासले प्र.अ. पदलाई अस्थायी प्रकृतिको र गौण बनाउने काम भएका यसको उदाहरणका रुपमा लिन सकिन्छ । प्र.अ. राख्ने यो व्यवस्थाले राखिएका प्र.अ. लाई दक्ष बनाउदै लैजाने काममा बाधा पुग्न जाने देखिन्छ । अझ छोटो अवधिका लागि प्र.अ. को रुपमा छनौट गरिएका शिक्षकहरु सबैमा उत्तिकै खुबी र दक्षता हुन सक्ने त कुरै भएन । उनीहरुमा दक्षता अभिवृद्धि गराउन विविध ज्ञान र सीप सिकाउनु पर्ने हुन्छ ।

यस्तै समस्या र परीक्षणहरुलाई पाठको रुपमा लिएर अहिले प्रधानाधयपक पदलाई केही बढी महत्व दिने प्रयासहरुको थालनी सम्म भएको छ । विद्यालयमा कार्यरत सबै शिक्षक भन्दा एक तह माथीको शिक्षकलाई प्र.अ. छनौट गर्ने र उक्त व्यक्तिलाई शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने सम्मको अधिकार प्रदान गर्ने कार्य नियमबद्ध

गरिएको छ । प्रधानाध्यापकको जिम्मेवारी प्रदान गरिएका सबै व्यक्तिलाई विद्यालय व्यववस्थापन सँग सम्बन्धित एक महिने तालिम क्रमश: प्रदान गर्दै लैजानेपनि नीति रहेको छ । यसबाट मात्र उनीहरुको कामको शैली र तरिका मूल्याङ्कन गर्न सजिलो भएको छ । सोही सरकारी लक्ष्य अनुरुप अहिले धेरै प्रधानाध्यापकहरुले उक्त एक महिने तालिम प्राप्त गरी सक्नु भएको छ । त्यसरी तालिम लिइ आ-आफ्नो कार्यथलोमा पुग्नु भएका प्रधानाध्यापकहरुका विद्यालय सञ्चालन (व्यवस्थापन) मा के कस्ता परिवर्तनहरु ल्याइएका छन भन्ने अध्ययन गर्नका लागि यो बिषय छनौट गरिएको हो ।

## १.३ अध्ययनको औचित्य

उच्चतम लक्ष्य प्राप्तिका लागि सबै भन्दा प्रमुख हात प्रभावकारी व्यवस्थापनको रहने विभिन्न अध्ययन र अनुसन्धानहरुले पुष्टि गरी सकेको छ । हरेक बर्ष कूल राष्ट्रीय बजेटको ठूलो हिस्सा (करिब १२ देखि १७ प्रतिशत सम्म) शिक्षा क्षेत्रमा लगानी गरिएतापनि लगानीअनुरुपको उपलब्धी हासिल हुन नसकिरहेको वर्तमान अवस्थामा यसरी आशातित परिमाण हात लाग्न नसक्नुमा शिक्षा क्षेत्रका हरेक कार्यक्रमहरु प्रयोग गर्ने अन्तिम थलो अर्थात विद्यालयहरुका व्यवस्थापन पक्षको कमजोरी पनि एउटा हो भन्ने सबैको राय रहेको छ । यसै सन्दर्भमा ब्यवस्थापनको काम जिम्मा दिइएका प्र.अ.हरुलाई तालिम प्रदान गरेरमात्र कार्यथलोमा पठाउंदा हुने परिवर्तनहरु के कस्ता हुँदा रहेछन भन्ने अध्ययन गर्न सोध पत्रका लागि यो बिषय वस्तु अगाडि सारिएको छ ।

विद्यालयमा शैक्षणिक प्रक्रियाका लागि आवश्यक भौतिक, आर्थिक,सामाजिक सम्बन्ध शिक्षक र विद्यार्थीहरु त्यति खेर गौण बन्न जान्छन जतिखेर यी सबै पक्षहरुको परिचालन गरी शैक्षिक गुणस्तर र शिक्षण सिकाइमा सुधार गर्न नेतृत्वदायी, भूमिका निर्वाह गर्ने मानव संसाधन अर्थात प्र.अ. नै उच्च मनोवल भएको र अनुभवी रहन्न । राम्रोसँग विद्यालय व्यवस्थापन गर्दा शिक्षकलाई शिक्षणमा हुने सहयोग, विद्यार्थीहरुमा प्रदान गरिने उत्प्रेरणा र शैक्षिक एवं भौतिक पक्षमा हुने उचित व्यवस्थापन जस्ता कार्यले विद्यालयबाट प्राप्त हुने प्रतिफलमा कस्तो प्रभाव पार्छ भन्ने जानकारी यो अध्ययनले गराउँछ ।

उल्लेखित पक्षहरुका अतिरिक्त विद्यालय व्यवस्थापन कार्यमा जाने प्र.अ.हरुलाई सम्बन्धित क्षेत्रको तालिम दिई कार्यथलोमा खटाइएपछि उनीहरुबाट के कस्ता परिवर्तनहरु

विद्यालयमा आए भन्ने सम्बन्धमा हाल सम्म कहिं कतैबाट पनि अध्ययन अनुसन्धान गरेको नपाइएकोले यो बिषयवस्तुलाई औचित्यपूर्ण ठानिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययययनको उद्देश्य देहाय बमोजिम हुनेछन :-

क) व्यवस्थापन तालिमले विद्यालयको शिक्षण सिकाईमा पार्ने प्रभावको लेखाजोखा गर्ने

ख) विद्यालय व्यवस्थापनमा उक्त तालिम कार्यक्रमको प्रभावको विश्लेषण गर्ने ।

ग) विद्यालय व्यवस्थापनमा आइपर्ने समस्याहरु पहिचान गरी सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनको अनुसन्धानात्मक प्रश्नहरु निम्न बमोजिम रहेका छन् :-

क) व्यवस्थापन तालिम पश्चात विद्यालयको शिक्षण सिकाइमा के कस्तो प्रभाव पर्दछ ?

ख) ब्यवस्थापन तालिमले विद्यालयको भौतिक र अन्य पक्षको व्यवस्थापनमा कस्तो प्रभाव पर्दछ ?

## १.६ अध्ययनको परिसीमा

इलाम जिल्लाको श्रीअन्तु गा.वि.स स्थित सामुदायिक विद्यालयहरु मध्ये व्यवस्थापन तालिम लिएका प्र.अ. हरु भएका विद्यालयहरु र उक्त विद्यालयहरुमा पनि निम्न व्यवस्थापकीय पक्षहरुमा मात्र यो अध्ययन सिमिति रहेको छ ।

क) व्यवस्थापन तालिम पश्चात शिक्षण सिकाईमा पर्ने प्रभाव ।

ख) तालिम पश्चात विद्यालय व्यवस्थापनमा पर्ने प्रभाव ।

## १.७ शब्दावलीको परिभाषा र व्याख्या

| | |
|---|---|
| व्यवस्थापन | व्यवस्थापन भन्नाले विद्यालयको समग्र पक्ष ठीक तरिकाले मिलाउने काम हो भन्ने बुझ्नु पर्छ । |
| तालिम | तालिम भन्नाले प्र.अ. र शिक्षकलाई व्यवस्थापन एवं शिक्षणको ज्ञान बढाउने र सीप सिकाउने कार्यक्रमलाई सम्झनु पर्छ । |

| | |
|---|---|
| पूर्व साहित्य | पूर्व साहित्य भन्नाले यो अनुसन्धानसँग मिल्ने गरी पहिले लेखिएका लेख रचना र गरिएका अनुसन्धानलाई |
| लिइएको | छ । |
| शिक्षाको पहुँच | शिक्षाको पहुँच भन्नाले शिक्षा लिन सक्ने अवसरलाई लिइनु पर्छ । |
| अतिरिक्त क्रियाकलाप | अतिरिक्त क्रियाकलाप भन्नाले विद्यालयका नियमित कक्षा संचालनसँगै र अगाडी पछाडी गरिने सह शैक्षिक क्रियाकलापहरु सम्झनु पर्छ । |
| जनसंख्या | जनसंख्या भन्नाले सोधकार्यका लागि नमूना छनौट गरिएका विद्यालयका सरोकारवालाहरु सम्झनु पर्छ । |
| सेरिड | त्रि.वि. अन्तरगतको शैक्षिक अनुसन्धान विकास केन्द्र । |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

नयाँ अध्ययनलाई खोजमूलक बनाउन पहिले गरिएका अध्यनहरुबाट प्राप्त ज्ञान तथा र सिद्धान्तहरुको खोजी गर्न र अध्यययनको बिषयवस्तु दोहोरिन नदिन, समस्या समाधानको लागि स्वीकृत भएका विकल्पहरुको खोजि गर्न, प्रतिपादित सिद्धान्तहरु ब्यवहारमा प्रयोग भए नभएको हेर्न र यदि प्रयोग भएको भए त्यसको सम्बन्धित क्षेत्रमा परेको असर थाहा पाउन, शिक्षाविदहरुको भनाई र विचारहरुको अध्ययन गर्न, प्रचलित नियम कानुनले व्यवस्था गरेको नीति नियमहरु थाहा पाउन, अध्ययनका विधि र ढाँचा थाहा पाउन पूर्व साहित्यको अध्ययन गरिएको छ । त्यस्तै हाल सम्म सम्बन्धित क्षेत्रमा के कस्ता कार्य भए ? तीनको विकास अवस्था के छ ? अब कुन उपयुक्त विकल्प प्रयोग गरियो भने सकारात्मक प्रभाव पर्छ ? समस्या समाधानका उत्तम उपाय के हुन सक्छन ? जस्ता पक्षलाई समेत हेर्न पूर्व साहित्यको अध्ययन गरिएको हो । तर अध्ययनको क्रममा यो बिषयवस्तुसँग ठ्याक्कै मिल्ने पूर्व साहित्य, बिषयवस्तु र पाठ्यसामग्रीहरुको दुलर्भता भने महसुस गरिएको छ । तालिमको प्रभावसँग सम्बन्धित भई शैक्षिक तालिम केन्द्रले गरेका अध्ययनहरु, यस सँग सम्बन्धितपूर्व  साहित्यको प्रकाशित र अप्रकाशित उपलब्ध पुस्तक पत्र-पत्रिका अनुसन्धान प्रतिवेदनहरुको समिक्षात्मक अध्ययन गरी शोधलाई पूर्णता दिने काम गरिएको छ ।

शैक्षिक क्षेत्रको सुधार गर्न र पूर्व शैक्षिक कार्यक्रमको समीक्षा गर्न बनेको विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणा पत्र २०५८ ले पूर्व शैक्षिक समस्याका बारेमा प्र.अ. अधिकार सम्पन्न र व्यवस्थापकीय क्षमता भएका नभएकोले विद्यालयको शैक्षिक नेतृत्व कमजोर भएको र विद्यालयमा समुचित व्यवस्थापन र सो अनुसार पृष्ठपोषण लिई सुधार गर्ने  परिपाटी शुन्य  प्राय छ  भन्ने  समिक्षा गरिएको  थियो ( शर्मा, २०६२ ) ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६५) का अनुसार शिक्षकले पेशागत विकास गतिविधिबाट प्राप्त गरेका शिक्षण सिकाइ सम्बन्धी सीप तथा शिक्षण विधि कक्षाकोठामा

प्रयोग गरी तत्कालको अवस्थामा सुधार ल्याउनका लागि उनीहरुलाई प्रधानाध्यापकबाट थप हौसला र सहयोगको आवश्यकता पर्दछ । प्रधानाध्यापकले विद्यालय समुदाय र शिक्षाको सरकारी निकायबीच सेतुको काम गरिरहेका हुन्छन् । विद्यालय केन्द्रित व्यवस्थापनको अवधारणा अन्तर्गत बढी भन्दा बढी अधिकार र दायित्व विद्यालयलाई प्रदान गरी विद्यालयको व्यवस्थापन गर्न खोजिएको वर्तमान परिप्रेक्ष्यमा समेत प्रधानाध्यापकका लागि अझ नयाँ र प्रभावकारी नेतृत्व सीपको खाँचो देखिएको छ ।

शै.ज.वि.के. बाट हाल सम्म धेरै प्र.अ हरुलाई तालिम प्रदान गरी सकिएको वर्तमान अवस्था छ । शुरुमा प्र.अ. हरु स्वयं तथा सम्बन्धित विज्ञहरुसँगको अन्तर्क्रियाबाट समेत विद्यालयका वास्तविक र दैनिक कार्यसँग सम्बन्धित समस्या समाधान गर्न नेतृत्व क्षमता विकास तालिमको आवश्यकता रहेको छ भन्ने भनाइ आएबाट पनि विद्यालयमा आधारित त्यस्ता खालको तालिम दिनु पर्ने आवश्यकता देखिएको थियो । किनकि प्र.अ. हरुले वास्तविक रुपमा भोगेका समस्या कार्य क्षेत्रमा नै समाधान गर्ने अवसर प्राप्त हुने भएकाले यो प्रकारको तालिम बढी प्रभावकारी हुने र विद्यालयको समग्र विकास र विद्यार्थीहरुको शैक्षिक उपलब्धीमा बढोत्तरी आउने अपेक्षा गरिएको थियो (शै.ज.वि.के.२०६६) । प्रस्तुत भनाइले प्र.अ. को पेशागत क्षमता बढाउनु पर्नेमा जोड दिइएको छ ।

सेरिड (२०५३) द्वारा तालिम प्राप्त र अप्राप्त शिक्षक शिक्षकहरुको तुलनात्मक अध्ययनमा तालिम पाएका र नपाएका शिक्षकहरुको शैक्षिक योग्यता, तालिमबाट पाएको अनुभव, कक्षामा उनीहरुको व्यवहार, प्रवृति र उनीहरुको शैक्षिक क्रियाकलापहरुका विभिन्न पक्षलाई समेटेर तुलनात्मक अध्ययन गर्दा विद्यालयको कक्षाकोठामा शिक्षण गर्ने क्रममा तालिम प्राप्त शिक्षक नै अप्राप्त शिक्षकहरु भन्दा बढी सकारात्मक देखिएको छ । त्यस्तै शै.ज.वि.के. (२०६६), तालिमको प्रभावकारीताको लागि क्षेत्रीय कार्यशालाहरुको प्रतिवेदन मा शिक्षक तालिम संचालन र तालिममा सिकेका कुराहरुको विद्यालयमा प्रयोगको वर्तमान अवस्थाको सन्दर्भमा तीलममा सिकेका कुराहरु अपेक्षित मात्रामा कार्यथलोमा प्रयोग नभएको भन्ने सरोकारवालाहरुको गुनासो रहेको, तालिम सम्बन्धी नीतिहरुमा छिटो छिटो परिवर्तन हुने गरेको, तालिम र कार्यथलोमा सामग्री प्रयोगमा कमी रहेको र तालिम पश्चात अनुगमनको व्यवस्था भएपनि व्यवहारमा नआएको भन्ने उल्लेख गरिएको छ ।

रेग्मी (२०६४) का अनुसार प्रधानाध्यापकले विद्यालयका शिक्षक र कर्मचारी र विद्यार्थीले नीति नियम पालन गरे नगरेका हेर्नु र शैक्षिक क्रियाकलापमा देखा परेका समस्या समाधान गर्न आवश्यकता अनुसार निर्देशन दिनु पर्छ । मनोवैज्ञानिक आधारमा शिक्षक र विद्यार्थीलाई प्रेरणा र हौसला प्रदान, समस्या समाधान र सृजनात्मक क्षमता अभिवृद्धि गर्न प्र.अ. एउटा कुशल व्यवस्थापक हुन आवश्यक छ । प्र.अ. स्वयं कुशल व्यवस्थापक भई सकेपछि मात्र उसले शिक्षकहरुमा पेशागत तथा व्यवसायिक क्षमता प्रदान गर्ने तालिम दिन र कार्यशाला, गोष्ठी, सेमिनार जस्ता अल्पकालिन तालिममा सहभागी हुने अवसर प्रदान गर्नसक्छ । यस्ता तालिमबाट मात्र समय सापेक्ष ज्ञान, सीप, क्षमता र दक्षता विकास गराइ पेशागत उन्नयन गर्न सहयोग प्राप्त हुन्छ र शिक्षण सिकाइलाई थप  खोजमूलक एवं सक्रिय बनाउन सहायता प्रदान गर्नेमा पनि तालिम प्राप्त प्र.अ. हरु मात्र बढी सकारात्मक हुन सक्छन (रेग्मी, २०६४) ।

शिक्षण सिकाई सुधार गर्न प्र.अ.को भूमिका सम्बन्धी विभिन्न विचारकको विचार जस्तै धारणा शिक्षाविद एस.आर. वशिष्टको पनि छ । उहांका अनुसार शिक्षकले शैक्षणिक क्रियाकलापमा देखा परेका समस्याको समाधान गर्नको प्र.अ.  सँग सहयोग माग्नु अधिकार हो । समस्याहरु समाधानका लागि सल्लाह लिनु दिनु, सहायक शैक्षिक सामग्रीको व्यवस्था गरिदिनु, शिक्षकले गरेका सकारात्मक प्रयासहरुको प्रसंसा गर्नु र गलत कार्यमा दण्डको व्यवस्था गरी शिक्षण सिकाई सुधार गर्नु प्र.अ. को दायित्व हो ( पौडेल, २०६७) ।

उल्लेखित अनुसन्धान प्रतिवेदनहरु तथा प्राप्तिहरुको विश्लेषण गर्दा शिक्षण सिकाइ सुधार गरी गुणस्तरीय शिक्षा र शैक्षिक उपलब्धी वृद्धिका लागि प्र.अ. को व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गराउनु पर्ने र दिइएको ज्ञान, सीपलाई प्र.अ.ले ब्यवहारमा उतार्न आवस्यक देखिन्छ । प्रभावकारी रुपमा विद्यालय ब्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालय विकासका लागि प्र.अ को भूमिका सम्बन्धमा वर्तमान शिक्षा ऐन र नियमावलीमा स्पष्ट किटान गरिएको छ । उसको काम कर्तव्य र अधिकार स्पष्ट तोकिएको र विद्यालयको भौतिक, शैक्षिक, आर्थिक र बाह्य सम्बन्ध लगायत सबै पक्षको नियन्त्रण निर्देशन र समन्वयनका लागि जिम्मेवार बनाइएको छ ।

रेग्मी (२०६४) का अनुसार विद्यालयका प्र.अ.इमान्दार लगनशील, मिहिनेती, कर्तव्यनिष्ठ र आफूले तालिममा सिकेका सीपलाई व्यवहारमा उतार्न सधैं प्रयत्नरत रही आफुले हासिल गरेका ज्ञान, सीप सँगै कार्यरत शिक्षक साथीहरुलाई पनि बाँडदै अगाडि बढे विद्यालयले सफलता प्राप्त गर्नेछ (रेग्मी, २०६४) भन्ने अध्ययनको निष्कर्ष पनि यहाँ उल्लेख गर्न सान्दर्भिक हुन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

शिक्षामा विज्ञान र प्रविधिको विकासको प्रभाव परिरहेको वर्तमान अवस्थामा शिक्षण सिकाइमा सुधार ल्याई विद्यालयबाट प्राप्त हुने प्रतिफल उच्च बनाउन उचित व्यवस्थापनले कस्तो भूमिका खेल्छ भन्ने वास्तविकता थाहा पाउन गरिने खोज अनुसन्धानका लागि पूर्व स्वीकृत सिद्धान्तको आधार आवश्यक हुन्छ । त्यसैले यस अध्ययनका लागि मानव अभिप्रेरणाका सिद्धान्तहरु प्रो. डग्लस एम. ग्रेगरको एक्स वाई सिद्धान्त र मैक क्ल्याण्डको उपलब्धिको सिद्धान्त (१९६१) लाई आधार मानी अगाडि बढाइएको छ ।

मानव अभिप्रेरणाको सिद्धान्त सामान्य एवं प्रचलनमा रहेको सिद्धान्त हो । व्यक्ति लक्षित उद्देश्य परिपूर्तिका लागि केही पुरस्कार, प्रशंसा, उपलब्धि होस भन्ने चाहनाले कार्यतर्फ प्रेरित हुन्छ । उसको उत्प्रेरणा र निश्चित व्यवहार घटाउने र बढाउने कार्य उ भन्दा माथिका अधिकारी वा सरकारले गर्छ । यदि विभागीय प्रमुखले प्रशासकसँग कुनै शैक्षिक सामग्री माग गर्छ भने त्यो माग पूरा गर्नु उसको दायित्व हो । उसले उक्त माग स्वीकार गर्दै कार्यपद्धतिलाई सरल व्यवस्थित र प्रभावकारी बनाउन सघाउ पुऱ्याउनु पर्छ (कोइराला र श्रेष्ठ, २०६२) भन्ने कुरालाई निम्न सिद्धान्तका आधारमा अगाडि बढाइएको छ ।

एक्स र वाई सिद्धान्त लाई सहभागिताको सिद्धान्त पनि भनिन्छ । सिद्धान्त अनुसार ग्रेगरले संगठन भित्र मानवीय व्यवहारका सम्बन्धमा दुई परस्पर विरोधी विचारधारा रहन्छन, तीनमा नकारात्मक स्वभाव एवं पक्ष एक्स सिद्धान्त र सकारात्मक स्वभाव एवं पक्षलाई वाई सिद्धान्त नाम दिई प्रस्तुत गरेका छन् ।

एक्स सिद्धान्त अनुसारको व्यवहार गर्ने व्यक्ति परम्परागत, नकारात्मक तानाशाही र निरंकुश शैलीको हुन्छ । यसमा मानिसले कुशलता पूर्वक कार्य नगरी नाजुक स्थितिमा काम गर्दछ । समान समूह र माथिल्लो तथा मातहतका कर्मचारी बीच घनिष्ट सम्बन्ध हुँदैन जसले गर्दा लक्ष्य प्राप्त गर्न नियन्त्रण, निरीक्षण, आदेश र निर्देशन दिनु पर्ने हुन्छ । कामदारले स्वभावैले काम गर्न नरुचाउने र काम पन्छाउने हुन्छन र काम गराउनै पर्दा डर धम्की, निर्देशन र आदेश दिनु पर्ने हुन्छ । जिम्मेवारीबाट पन्छिने र अल्छि गर्ने प्रवृति सबै कामदारमा रहन्छ । सबै कामदारलाई शक्ति र निर्देशनको भरमा काम लगाउने, व्यवस्थापकीय पक्षमा उनीहरुलाई सहभागी नगराउने जस्ता गुणहरु पनि यसमा विद्यमान रहेका हुन्छन ।

एक्स सिद्धान्त व्यवहार उपयोगी र स्वभाविक प्रकृतिको नभएको भन्ने आलोचना भएपछि वाई सिद्धान्तको विकास भयो । यो सिद्धान्त अनुसार भने संस्थामा कार्यरत हरेक व्यक्ति पूर्ण रुपले सकारात्मक रहने भएकोले काम गराइ आधुनिक सहभागितामूलक र प्रजातान्त्रिक हुन्छ भनिन्छ । यसमा व्यवस्थापक एक कुशल नेताको रुपमा सबै कामदारको राय सल्लाह र सुझावको आधारमा निर्णय लिने हुन्छन । कामदारमा स्वनिर्णय लिने, स्व विवेकीय अधिकार प्रयोग गर्ने ,अधिक अवसर प्राप्त गर्ने र व्यक्तिगत तथा समुदायिक रुपमा उद्देश्य प्राप्ति तर्फ संस्थालाई अभिप्रेरित गर्ने यो सिद्धान्तको गुण रहेको हुन्छ ।कामलाई खेल वा विश्रामका रुपमा लिई रुचिकर बनाउने, व्यक्तिले आत्मसन्तुष्टिको अनुभव गर्न पाउने र अनुकुल वातावरणमा काम गर्न पाउने हुन्छन । समस्या आइ परेमा सृजनात्मकताको उपयोग गरेर समाधान गर्ने र व्यक्तिमा अन्तर्निहित क्षमता भावना एवं प्रतिभालाई उजागर गर्न पर्याप्त अवसर प्राप्त हुने पनि यो सिद्धान्तको मूल मर्म हो । सबै जनशक्तिलाई वाई सिद्धान्त अनुसारको बनाउने भूमिका तालिमको हुन्छ ।

प्रख्यात मनोवैज्ञानिक मेक क्ल्याण्ड तथा उनका सहयोगीले शारीरिक आवश्यकता लगायत अन्य तीन आधारभूत आवश्यकता अध्ययन गरी उपलब्धिको सिद्धान्त सन् १९६१ मा प्रतिपादन गरेका थिए । उनका अनुसार तीन आधारभूत आवश्यकताहरु उपलब्धिको आवश्यकता, शक्तिको आवश्यकता र सम्बन्ध स्थापनाको आवश्यकता रहेका छन । चुनौति, उन्नति, प्रगति र जीत हासिल गर्ने आवश्यकता नै उपलब्धिको आवश्यकता हो, पेशागत

उन्नति र विश्वासनीयताका लागि यसको आवश्यकता पर्दछ । यसमा व्यक्तिले बढी उत्तरदायित्वको अभ्यास गर्ने, दक्षता अनुसारको काम गर्ने, काम गर्दा पृष्ठपोषण चाहने र सामाजिक सुसम्बन्धको चाहना राख्ने हुन्छ ।

अरुलाई प्रभाव पार्ने, आदेश र निर्देशन दिने, नियन्त्रण, निरीक्षण र मूल्याङ्कन गर्ने देखि लिएर अरुलाई अधिनमा राख्ने जस्ता पक्षहरु रुचाउने व्यक्तिलाई शक्तिको आवश्यकता हुन्छ । यस्ता व्यक्तिले विना शक्ति काम गर्न नसक्ने हुन्छन भने काम गर्दा अरुलाई फँसाउने, दबाउने वा विश्वास दिलाउने कार्य गरी अरुलाई आफ्नो काबुमा राख्न चाहने हुन्छन । त्यस्तै कामदार एक अर्कामा मैत्रीपूर्ण र पारस्परिक सहयोगको सम्बन्ध कायम गराइदिने सम्बन्ध स्थापनाको आवश्यकतामा पर्दछ । यसमा सहयोग र घनिष्ट सम्बन्धको जहिले पनि आवश्यकता महशुस हुन्छ र पारस्परिक समझदारी लाई जोड दिइन्छ । व्यक्तिलाई उपलब्धिको बोध गराएर, प्रशिक्षण प्रदान गरेर, पृष्ठपोषण प्रदान गरेर कामको नमूना देखाएर, चुनौतीपूर्ण र सिर्जनात्मक काम गर्ने अवसर दिएर सकारात्मक सोच राख्न लगाएर पनि अभिप्रेरित गर्न सकिन्छ भन्ने यो सिद्धान्तका प्रतिपादक क्ल्याण्डको विचार रहेको छ (कोइराला र श्रेष्ठ, २०६२) ।

## २.३ अध्ययनको शैक्षिक उपादेयता

उल्लेखित पूर्व साहित्यको अध्ययनबाट शिक्षण सिकाइ सुधार गरी विद्यालयबाट प्राप्त हुने प्रतिफल उच्च बनाउन दक्ष प्र.अ. को आवश्यकता पर्दछ भन्ने पाइएको छ । सरकारले ठूलो मात्रामा लगानी गरेपनि त्यसबाट प्राप्त हुने प्रतिफल ज्यादै न्यून भएको क्षेत्र शिक्षा क्षेत्र नै हो भन्ने आम गुनासोका सन्दर्भमा उक्त अवस्था सुधार्न चालेका विविध कदमहरु मध्येको एउटा कार्यक्रम सबै विद्यालयका प्रधानाध्यापकहरुलाई तालिम दिने पनि हो । यो कार्यक्रम कार्यान्वयनमा आइसकेपछिको परिवर्तनका अवस्था के रहेछन भन्ने विश्लेषणको प्रयास अध्ययनबाट गर्न खोजिएकोले सम्बन्धित क्षेत्रमा खोज गर्ने व्यक्तिलाई यो अध्ययन जानकारीमूलक हुनेछ । सरकारले लागू गरेका अन्य विविध नयाँ नयाँ कार्यक्रमहरु बाट जस्तै यो कार्यक्रमबाट पनि आशा गरेजति उपलब्धि हासिल भयो वा भएन यसलाई अझ प्रभावकारी बनाउन के के गर्न सकिन्छ भन्ने बारेमा सुझाव दिने अभिप्रायले पनि यो अनुसन्धान गरिएको हो ।

प्रस्तुत अध्ययनले शिक्षा ऐन, नियम, नियमावली र निर्देशनहरु प्रभावकारी ढंगले पालन गर्ने गराउने, शैक्षिक एकरुपता कायम गर्ने, शिक्षक र विद्यार्थीका समस्या सम्बोधन गर्ने , विद्यालयमा आवश्यक भौतिक पूर्वाधारका व्यवस्था लगायत शैक्षिक वातावरण निर्माणले शैक्षिक उपलब्धीमा के कस्तो भूमिका खेल्छ जस्ता शैक्षिक जिज्ञासाहरुको सही उत्तर दिन र शैक्षिक क्षेत्रमा रहेको विद्यमान समस्या समाधान गर्न सकारात्मक मार्ग निर्देश गर्नेछ । प्र.अ.हरुलाई विद्यालयमा देखा परेका शिक्षण सिकाइका समस्या समाधानमा आएका परिवर्तनहरु र शैक्षिक गुणस्तर वृद्धिमा भएका र हुन सक्ने योगदानका सम्बन्धमा अध्ययन उपयोगी हुनेछ । समग्रमा प्र.अ. व्यवस्थापन तालिमले के कस्ता परिवर्तन ल्याउनु पर्ने थियो, ल्याएको छ र ल्याउन सकिन्छ सो को विश्लेषण प्रस्तुत अध्ययनले गर्नेछ जुन शैक्षिक क्षेत्रको लागि उपयोगी हुनेछ । यहि नै यस अध्ययनको शैक्षिक उपादेयता रहेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

शिक्षण सिकाई सुधारमा प्र.अ.को व्यवस्थापकीय भूमिकामा तालिमबाट कस्तो प्रभाव पर्छ भन्ने अध्ययनलाई खोजमूलक बनाउन पूर्वी इलामका मा.वि. , नि.मा.वि. र प्रा.वि. तह सञ्चालन भएका १-१ वटा विद्यालयहरुलाई अध्ययनको क्षेत्र बनाइएको छ । छनौट भएका विद्यालयका जनसंख्यालाई प्रश्नावली तयार गरी गुणात्मक विधिमा आधारित भएर वस्तुगत अवस्थाको पहिचान र समस्या समाधानका उपायहरु पत्ता लगाउने गरी अध्ययन ढाँचा तयार गरिएको छ । अध्ययन क्षेत्रको स्थलगत भ्रमण, अवलोकन, अन्तरवार्ता, अन्तरक्रिया जस्ता विधिहरुको प्रयोग गरिएको छ । जसबाट व्यववस्थापकीय पक्षमा आएको परिवर्तनले विद्यालयको शिक्षण सिकाईमा पार्ने प्रभाव सम्बन्धी आवश्यक तथ्याङ्क र विवरणहरुलाई उद्देश्य अनुरुप सामूहिकीकरण गरी गुणात्मक ढाँचामा व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या

शोध अध्ययन गर्न शोधकर्तालाई निश्चित क्षेत्र र जनसंख्याको आवश्यक पर्दछ । जसको लागि इलाम जिल्लाको सुदुरपूर्वी श्री अन्तु गा.वि.स स्थित ७ वटा विद्यालयहरुमध्ये व्यवस्थापन तालिम लिएका प्र.अ. हरु भएका तीनवटा विद्यालयहरु अनुसन्धानकर्त्ताको सुविधाका आधारमा छनौट गरी सम्बन्धीत  पक्षहरुको अध्ययन गरिएको छ । यसमा विद्यालयका प्र.अ., वि.व्य.स अध्यक्षहरु, शिक्षकहरु, विद्यार्थीहरु र अभिभावकहरु अर्थात विद्यालयका सरोकारवाला पक्षहरुलाई अध्ययनको जनसंख्या बनाइएको छ ।

## ३.३ नमूनाको आकार र छनौट प्रक्रिया

प्रस्तुत अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क र विवरण संकलनका लागि निम्नानुसारको  नमूनाको आकार निर्धारण गरिएको छ  । नमूना छनौट गर्दा उद्देश्यपूर्ण नमूना छनौट विधि र संभाव्य नमूना छनौट विधि प्रयोग गरिएको छ ।

**तालिकाः एक, छनौट गरिएका उत्तरदाताहरुको विवरण**

| *विद्यालयको नाम* | *प्र.अ.* | *वि.व्य.स. अध्यक्ष* | *शिक्षक* | *विद्यार्थी* | *अभिभावक* | *जम्मा* |
|---|---|---|---|---|---|---|
| जनक उ.मा.वि. | १ | १ | २ | ५ | ४ | १३ |
| मेची नि.मा.वि. | १ | १ | २ | ३ | ३ | १० |
| राष्ट्रिय प्रा.वि | १ | १ | १ | २ | २ | ७ |
| ***जम्मा*** | ***३*** | ***३*** | ***५*** | ***१०*** | ***९*** | ***३०*** |

*श्रोतः स्थलगत सर्बेक्षण ,२०६७*

## ३.४ नमूना छनौटका आधारहरु

शोध अनुसन्धान निश्चित प्रतिनिधिमूलक जनसंख्यामा अध्ययन गरी निष्कर्षमा पुग्न नमूना छनौट गरिने भएकोले यो अध्ययनलाई त्रुटिरहित, पूर्वाग्रहरहित,पक्षपात रहित र विश्वासनीय बनाउन पर्याप्त तथ्याङ्क र विवरणहरु लिनको लागि जनसंख्याको नमूनाको छनौट गरिएको छ । अध्ययनमा प्रयोग गरिने नमूना जनसंख्या मध्ये प्र.अ. हरु र वि.व्य.स अध्यक्षहरु प्रत्येक विद्यालयमा पदीय हिसाबले १-१ जना मात्र हुने भएकोले उद्देश्यपूर्ण विधि अनुसार छनौट गरिएको छ । शिक्षक, विद्यार्थी र अभिभावकहरु एउटै विद्यालयमा पनि धेरै हुने भएकोले उनीहरुलाई भने संख्यात्मक अनुपातलाई ख्याल गर्दै सम्भाव्य तरिकारले शोधकर्ताको सुविधा अनुसार सुविधायुक्त नमूना छनौट विधि प्रयोग गरी उत्तरदाताको विवरण तयार पारिएको छ । उल्लेखित जनसंख्या विवरण तालिका नम्बर एक मा देखाइएको छ ।

## ३.५ अनुसन्धानका साधनहरु

तथ्याङ्ककै माध्यमबाट अध्ययन उद्देश्य तर्फ अगाडि बढने हुनाले यस अध्ययनमा तथ्याङ्कहरुलाई अनुसन्धानको मेरुदण्डको रुपमा लिइएको छ । अनुसन्धानलाई वैध र विश्वासनीय बनाउन प्रमाणित तथ्य र विववरणहरु सङ्कलन गर्न त्यस्ता साधनहरु पूर्व परीक्षण गरेर प्रयोग गरिएको छ ।

### क) अन्तरवार्ता

अध्ययनको उद्देश्य अनुरुप कार्य गर्नका लागि अध्ययन नमूना क्षेत्रका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई अन्तरवार्तामा सामेल गराई प्रश्नहरु

सोधिएका छन । प्राप्त उत्तरहरुलाई विश्लेषणका लागि प्रशोधनगरी आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

**ख) अवलोकन**

अध्ययन क्षेत्रका विद्यालयहरुको शैक्षिक भौतिक र मानवीय संसाधनको वर्त्तमान अवस्था अध्ययन गर्न पूर्व निर्धारित समय अनुसार अवलोकन गरिएको थियो । अवलोकन क्षेत्र  तालिकामा प्रष्ट पारिएको छ ।

**ग) अन्तरक्रिया**

शिक्षण सुधार तथा विद्यालय विकासमा प्र.अ. को भूमिका बारे विद्यालयका सरोकारवाला पक्षहरुसँग अन्तरक्रिया गरी आ-आफ्नो तर्क मौखिक रुपमा प्रस्तुत गर्न लगाई प्राप्त विचारहरुलाई अध्ययनको लागि टिपोट गरिएको छ । यसरी प्राप्त टिपोटलाई शोध अध्ययनको बिषयवस्तु, उद्देश्य र परिकल्पनासँग मिल्दो गरि  विश्लेषण गरिएको छ ।

**घ) प्रश्नावली**

उल्लेखित पक्षका साथ साथै विवरण सङ्कलन गर्न सम्बन्धित  पक्षसँग जानकारी प्राप्त गर्न बन्द तथा खुला प्रश्नावली प्रयोग गरी स्थलगत रुपमा शोधकर्ता आफैंले प्रत्यक्ष जानकारी लिई त्यसैको आधारमा व्याख्या तथा विश्लेषण गर्ने काम गरिएको छ । प्रयोग गरिएका प्रश्नावलीहरु  अनुसूचीमा संलग्न गरि राखिएका छन् ।

## ३.६ तथ्याङ्कको श्रोत

प्रस्तुत अध्ययनको लागि प्राथमिक र सहायक (द्वितीय) दुई प्रकारका स्रोतहरुबाट उपलब्ध तथ्याङ्कहरुको प्रयोग निम्नानुसार गरिएको छ ।

**क) प्राथमिक श्रोत**

अध्ययनका क्रममा स्थलगत रुपमा गरिएका प्रश्नावली भराउने, अन्तरवार्ता, अवलोकन र अन्तर्क्रिया जस्ता क्रियाकलाप र तिनबाट प्राप्त सूचना र विवरणहरुलाई प्राथमिक श्रोतको रुपमा उपयोग गरिएको छ । तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका फाराम र प्रश्नावलीहरु अनुसूचीमा संग्रहित गरी राखिएका छन ।

**ख) सहायक (द्वितीय) श्रोत**

विद्यालयले समय समयमा भरेर अभिलेखका रुपमा राखेका शैक्षिक तथ्याङ्कहरु, विद्यालयले बनाएका विद्यालय सुधार योजनाहरु लयायत परीक्षाफल पुस्तिका, निरीक्षण पुस्तिका र बैठक पुस्तिकाहरु जस्ता कागजातहरुलाई सहायक श्रोतको रुपमा उपयोग गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस शोध अध्यनयलाई आवश्यक पर्ने तथ्याङ्क र विवरणहरु अध्ययन गर्न छनौट गरिएका विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थी तथा अभिभावकहरुलाई प्राथमिक स्रोत संकलन विधि अनुरुप अन्तरवार्ता तथा अन्तर्क्रियामा प्रयोग गरिएको छ । अन्तरवार्ता र अन्तर्क्रियाका लागि नमूना जनसंख्याहरुमा बेग्ला बेग्लै अन्तरवार्ता गरी उद्देश्य सँग सम्बन्धित जानकारी लिइएको छ । यसरी लिइएका विवरणहरु मौखिक रुपमा टिपोट गरिएको छ । अन्तर्क्रियाबाट आएका तर्क, सुझाव र विचारहरुलाई विश्लेषण गरिएको छ । स्थलगत रुपमा गई प्राथमिक र द्वितीय दुवै तथ्याङ्कहरु सङ्कलन गरी ल्याएर विश्लेषण गर्ने काम सम्पन्न गरिएको छ । शैक्षिक तालिम केन्द्र 'ख' इलामबाट प्रकाशित बुलेटिन र अन्य सामग्रीहरु सङ्कलन गर्न उक्त केन्द्रमा नै गई सङ्कलन गरिएको छ । यसलाई पनि आवश्यक्ता अनुसार विश्लेषण कार्यमा समेटेर प्रस्तुत गरिएको छ ।

अध्ययनका लागि आवश्यक र वास्तविक तथ्य र विवरणहरु नछुटुन भन्ने उद्देश्यले स्थलगत भ्रमण गर्नु पूर्व नै तीनवटै विद्यालयबाट शैक्षिक, भौतिक र मानवीय संसाधन विवरणहरु सङ्कलन गर्न तयार पारिएका फारामहरु सँगै विद्यालय गई यथार्थ विवरणको टिपोट गरि काम सम्पन्न गरिएको छ र सङ्कलित विवरणलाई अवस्था र उद्देश्यका आधारमा उपयुक्त शिर्षकको छनौट गर्दै आवश्यकता अनुसार तालिकीकरण, स्तम्भ चित्र आदिका माध्यमबाट प्रस्तुत गरी व्याख्या समेत गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

शोध अध्ययनको यो खण्डमा प्राथमिक र द्वितीय स्रोतवाट प्राप्त भएको तथ्याङ्क विवरणको विश्लेषण तथा विवेचना गरिएको छ । दुवै स्रोतवाट प्राप्त भएको तथ्याङ्कलाई विश्लेषण गर्न प्राप्त तथ्याङ्क र विवरणहरुको विशेषताको आधारमा गुणात्मक अनुसन्धानको प्रक्रिया प्रयोग गरिएको छ। अध्ययनलाई निष्कर्षमा पुऱ्याउन आवश्यकता अनुसार गणितीय नतिजाहरुलाई विभिन्न प्रकारका सिकाइका सिद्धान्तहरुका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । तथ्याङ्कलाई व्याख्या तथा विश्लेषण गर्ने क्रममा सम्वन्धित पूर्व साहित्यको पुनरावलोकन, शैक्षिक संस्था एवं शिक्षाविद्हरुवाट प्रकाशित सान्दर्भिक कृतिहरुको पनि सहयोग लिइएको छ।

## ४.१. तालिमले शिक्षण सिकाईमा पारेको प्रभाव

तालिमले ब्यक्तिको ज्ञान, सीप र ब्यवहारमा निखारता ल्याउने काम गर्छ । विद्यालयको ब्यवस्थापकीय पक्ष बृद्धि गराउन प्रधानाध्यापकलाई प्रदान गरिने ब्यवस्थापन संग सम्बन्धित तालिम पछि विद्यालयको शैक्षिक एवं भौतिक वातावरण र विद्यालय समुदाय सम्बन्धमा परिवर्तन भई विद्यालयमा त्यसको प्रभाव के कस्तो पऱ्यो भन्ने बारेमा यहाँ विश्लेषण गर्ने प्रयास गरिएको छ। यसै विषयबस्तु अर्न्तगत पनि तालिम पछि विद्यालयको शिक्षण सिकाइ अवस्था र भौतिक लगायत अन्य ब्यवस्थापन पक्षमा के कस्ता परिवर्तनहरु आएका रहेछन सो को विश्लेषण गरिएको छ।

### ४.१.१. शिक्षण सिकाई अवस्था

व्यवस्थापनका विविध पक्षका क्रियाकलाप निरन्तर गरिरहनु पर्ने हुन्छ । विद्यार्थीहरुमा अन्तर्निहित क्षमतालाई प्रस्फुटन गराउन विद्यालय र कक्षाकोठामा रमाइलो वातावरण सिर्जना गर्नु पर्छ । कक्षामा अन्तर्क्रिया र छलफल हुने वातावरण हुनुपर्छ । विद्यार्थीलाई समस्या सामाधानका लागि प्रेरित गर्नुपर्दछ । यसका लागि सम्पूर्ण वातावरण सिर्जना गरीदिने जिम्बेवारी प्र.अ. माथि रहेको हुन्छ। विद्यालयको वातावरण ठिक भए मात्र शिक्षण सिकाईमा सुधार भई शैक्षिक उद्देश्य पुरा हुन सक्छ।

श्री जनक उ.मा.वि. श्री अन्तुका शिक्षकहरु संग भएको अन्तर्क्रिया र विचार विश्लेषण अनुसार व्यवस्थापन तालिमको पहिलो प्रभाव शिक्षण सिकाइमा परेको छ । प्रत्येक कक्षाका सवै विषय र घण्टीहरुमा कक्षा सञ्चालन हुने गर्छन । शिक्षकमा समेत समय धेरै वितेपछि कक्षामा जाने र छिटै कक्षा छाडने प्रवृति निमिट्यान्नै भएको छ । प्रत्येक कक्षाहरुका प्रत्येक विषयमा प्राप्ताङ्क र उत्तीर्ण प्रतिशत वृद्धि भइरहेको छ । विद्यालयको अन्तिम परीक्षा र एस.एल.सी. को उत्तिर्ण प्रतिशतमा पनि यसको प्रत्यक्ष प्रभाव परेको देखियो । तालिमको अर्को प्रभाव अतिरिक्त र सह क्रियाकलापमा पनि परेको छ । पहिले यस्ता क्रियाकलापमा त्यति वास्ता नगर्ने प्र.अ.ले  तालिम पश्चात वार्षिक कार्यक्रममा नै यस्ता कार्यक्रम राख्न निर्देशन दिन थाल्नु भएको छ । यसअवधिमा विद्यालयको भौतिक सुविधा र प्रशासनिक पक्षमा समेत सुधार आएको छ । यी प्रतिक्रियाहरुवाट  व्यवस्थापन तालिमले विद्यालयको शिक्षण सिकाइ, भौतिक र प्रशासनिक पक्षमा समेत सकारात्मक प्रभाव परेको स्पष्ट देखिएको छ ।

शिक्षण सिकाई सुधार गर्न प्र.अ. को व्यवस्थापकीय पक्षमा सुधार आएपछि परेको प्रभाव सम्वन्धमा मेची नि.मा.वि. का प्र.अ. भन्नुहुन्छ म  व्यवस्थापन तालिम लिन पूर्व शिक्षकहरुलाई शिक्षण सिकाइमा जागरुक भइ लाग्नु पर्नेमा सल्लाह दिन नसक्ने थिंए जस्तो लाग्थ्यो तर अहिले त्यो अवस्था छैन । विद्यार्थीहरु पनि कक्षा नचलेको भन्दै वाहिर डुलेको भेटिन्थ्यो, शिक्षकहरुमा पनि त्यस्तो सक्रियता देखिदैंन थियो तर अहिले ब्रेक वाहेक अन्य समयमा विद्यार्थी वाहिर पनि हुदैनन् र सवै शिक्षकहरु सक्रिय भई कक्षामा पनि जानुहुन्छ । जसको परिणाम विद्यालयको अन्तिम तहको परीक्षा कक्षा ८ मा उत्तीर्ण र प्राप्ताङ्क प्रतिशतमा वृद्धि भएको छ । यसवाट  व्यवस्थापन तालिमले शिक्षण सिकाईमा सकारात्मक प्रभाव पारेको छ र शैक्षिक उपलब्धीमा वृद्धि भएको छ भन्ने स्पष्ट हुन्छ ।

राष्ट्रिय प्रा.वि., का प्र.अ.  पहिले र अहिलेको शैक्षिक उपलव्धिका फरकका सम्वन्धमा भन्नुहुन्छ  व्यवस्थापन तालिम लिई सकेपछिको सवै भन्दा ठुलो उपलब्धि नै विद्यालयको नतिजामा सुधार आउनु हो । हुन त विद्यालयमा भौतिक उन्नतिमा पनि तालिम पश्चात केही योगदान दिनसके जस्तो लाग्छ । तालिमका माध्यमले नै अभिभावकहरुबाट स्रोत जुटाउने वातावरण सिर्जना गर्न म सक्षम भएको हुँ । विद्यालयको नयाँ भवन र

खेलमैदान यसको उदाहरणहरु छदैंछन । यस भनाइले पनि तालिमको पहिलो प्रभाव भनेकै शिक्षण सिकाइमा सुधार आउनु हो भन्ने प्रष्ट हुन्छ ।

अध्ययन गरिएका र माथि उल्लेखित भनाइहरु आएको विद्यालयहरुमा शिक्षण सिकाइ कुन अवस्थावाट कुन अवस्थामा परिवर्तन भई रहेको छ वा छैन भन्ने विद्यालयहरुबाट प्राप्त निम्न विवरण विश्लेषण गर्दा थाह हुन्छ । तालिका दुई अनुसार शिक्षण सिकाइ सुधारको निम्न अवस्था देखिन्छ ।

**तालिका : दुई, सिकाइ अवस्था**


| क्र.स. | विद्यालय | कक्षा | साल | विधार्थी विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | भर्ना | पास | फेल | पास% |
| १ | जनक | एस. | २०६४ | ९३ | ४७ | ४६ | ५०.५३% |
| | उ.मा.वि. | एल. | २०६५ | ८८ | ५७ | ३१ | ६४.७७% |
| | श्रीअन्तु | सी. | २०६६ | १०० | ७५ | २५ | ७५% |
| २ | मेची | कक्षा | २०६४ | २९ | १९ | १० | ६५.५१% |
| | नि.मा.वि. | ८ | २०६५ | ३१ | २४ | ७ | ७७.४१% |
| | तीनब्लक | | २०६६ | ३५ | २८ | ७ | ८०.% |
| ३ | राष्ट्रिय | कक्षा | २०६४ | १३ | ९ | ४ | ६९.२३% |
| | प्रा.वि. | ५ | २०६५ | ११ | ९ | २ | ८१.८१% |
| | तकपत | | २०६६ | १५ | १३ | २ | ८६.८६% |

*स्रोत: विद्यालय तथ्याङ्क र स्थलगत सर्वेक्षण, २०६७*

तालिका दुई अनुसार प्रत्येक विद्यालयहरुको आ-आफ्नो विद्यालयका अन्तिम कक्षाहरुमा शिक्षण सिकाइ अवस्था सुधार भएकै कारण परिणाममा क्रमश सुधार हुँदै गएको अवस्था रहेको देखिन्छ । तीनवटै विद्यालयमा विद्यार्थी संख्याको उतार चडाव भएपनि परिणाम राम्रैसँग वृद्धि भएको अवस्था देखिन्छ । बृद्धिको अवस्था र दरलाई हेर्दा पनि तीनवटै विद्यालयका अवस्था समान नै रहेको छ । जनक मा.वि.ले एस. एल.सी. को परिणाम ५०% वाट सुधार गर्दै ७५% पुऱ्याएको देखिन्छ भने मेची नि.मा.वि. कक्षा ८ को जिल्ला स्तरीय परिक्षामा ६५% वाट सुधार गर्दै ८०% र राष्ट्रिय प्रा.वि. स्रोत केन्द्र स्तरीय कक्षा ५ को

परिक्षामा २०६४ को ६९% वाट २०६६ मा आई पुग्दा ८६% पुयाउन सफल भएको देखिन्छ । तालिका दुई लाई अझ सरल तरिकाले निम्न स्तम्भ चित्रले पनि वुझ्न सकिन्छ ।

**चित्र: एक, विद्यालय तहको अन्तिम परीक्षा नतिजा**




प्रस्तुत स्तम्भ चित्रले सम्वत २०६४, २०६५ र २०६६ को आ-आफ्ना विद्यालयका अन्तिम परीक्षाका परीणामलाई देखाउंछ र तीनवाटै विद्यालयहरुका प्रत्येक वर्षमा परीक्षा परिणाम सुधारोन्मुख अवस्थामा रहेको देखिन्छ । जनक मा.वि. को एस.एल.सी.परीक्षाको परिणाम २०६४ मा ५०%, २०६५ मा ६४% र २०६६ मा ७५% पुगेको छ । मेची नि. मा. वि.को कक्षा आठको जिल्ला स्तरीय परीक्षामा २०६४, २०६५ र २०६६ मा क्रमशः ६५, ७७ र ८० प्रतिशत र राष्ट्रिय प्रा.वि.को कक्षा ५ को स्रोत केन्द्र स्तरको परीक्षामा २०६४ मा ६९%, २०६५मा ८१% र २०६६मा ८६% पुऱ्याएको देखिन्छ । यसलाई विद्यालयमा कार्यरत प्र.अ. लाई व्यवस्थापन तालिम दिईसकेपछि आएको सुधार को संकेत भन्न सकिन्छ ।

### ४.१.२. भौतिक व्यवस्थापन अवस्था

अध्ययन गरिएको विद्यालयका भौतिक व्यवस्थापन पक्ष तर्फ विश्लेषण गर्दा निम्न अवस्था पाइएको छ । अध्ययन गर्ने क्रममा ३ बर्ष अगाडि विद्यालयका प्रधानाध्यापकले व्यवस्थापन तालिम नलिदांको अवस्था र तालिम पछिको तीन बर्षमा विद्यालयमा गरिएका परिवर्तनहरुको अवस्था झल्कने गरी विवरण संकलन गर्दा वस्तुस्थिति निम्न पाइएका छन् ।

**तालिकाः तीन, विद्यालयको भौतिक अवस्थाको तुलाना**

| क्र.स. | विवरण | २०६५ साल | | | २०६७ साल | | |
|---|---|---|---|---|---|---|---|
| | | जनक मा.वि. | मेची नि.मा.वि | राष्ट्रिय प्रा.वि | जनक मा.वि. | मेची नि.मा.वि | राष्ट्रिय प्रा.वि |
| १. | भवन संख्या | ७ | ४ | २ | १० | ६ | २ |
| २. | कोठा संख्या | १९ | ९ | ८ | २३ | १५ | ८ |
| ३. | डेक्स वेन्च | ११५ सेट | ७१ सेट | ३५ सेट | १४५सेट | ८६ सेट | ४९ सेट |
| ४. | पुस्तकालय | नभएको | नभएको | नभएको | भएको | भएको | नभएको |
| ५. | खेलमैदान | नभएको | सानो | नभएको | भएको | पर्याप्त | भएको |
| ६. | कम्पयुटर | नभएको | नभएको | नभएको | ५थान | १ थान | नभएको |
| ७. | पिउने पानी | नभएको | भएको | भएको | भएको | भएको | भएको |
| ८. | शौचालय | ४ कोठे | ४ कोठे | २ कोठे | ८ कोठे | ६ कोठे | २ कोठे |

*स्रोतः विद्यालय अभिलेख तथा स्थलगत सर्वेक्षण, २०६७*

उल्लेखित तालिका तीन अनुसार श्री जनक उच्च मा. वि.मा भएको भवन संख्या सातमा थप गरी १०, कोठा संख्या १९ वाट २३, फर्निचर ११५ सेट वाट १४५ सेट पुऱ्याइएको छ भने पुस्तकालय र कम्पयुटर शिक्षाको प्रवन्ध गरिएको देखिन्छ । ठूलो प्रयासले एउटा सिङ्गो डाँडो समथल बनाइ खेल मैदान निर्माण गरिएको छ भने पिउने पानीको समुचित प्रवन्ध गर्नका साथै शौचालयमा पनि वृद्धि गरी छात्र र छात्राहरुका लागी छुट्टा छुट्टै हुने प्रवन्ध गरिएको पाइयो । भौतिक अवस्थाको समग्र पक्षमा नै सुधार गरिएको पाइयो ।

यही अवस्था मेची नि.मा.वि. मा पनि पाइयो । यसै क्षेत्रवाट वाहिर गई सैनिक सेवाको राम्रो पद सम्हालेका एक व्यक्तिको सहयोग जुटाई विद्यालय भवन र खेल मैदानमा सुधार गरेको पाइयो भने फर्निचर, शौचालय र कार्यालय प्रयोजनका लागि कम्पयुटर स्थानीय स्रोतबाट जुटाइएको पाइयो । राष्ट्रिय प्रा.वि. तकपतमा भने विद्यालयको आवश्यकता पनि सानै भएको र विद्यालयलाई भविष्यमा ठूलो वनाउदै लैजानु पर्ने पनि आवश्यकता नभएकाले भएकै भौतिक सामाग्रीलाई व्यवस्थापन राम्रो गरिएको मात्र पाइयो ।

सङ्कलित विवरणहरुको व्याख्या विश्लेषणले शिक्षण सिकाई क्रियाकलापलाई नै विद्यालयको सर्वोपरी पक्ष ठानेको छ । शिक्षकले आवश्यक भौतिक पूर्वाधार तयार भएको अवस्थामा विषयवस्तु संग स्पष्ट भई पाठयोजना अनुसार शैक्षिक सामग्री सहित विभिन्न हाउभाउ प्रयोग गर्दै, प्रयोगात्मक ढंगले विद्यार्थीलाई सिक्न उत्प्रेरित गर्दै वुझ्ने गरी कक्षामा गएर पढाउने काम नै शिक्षण हो । तनावमुक्त वातावरणमा राम्रो शैक्षिक र भौतिक पुर्वाधार रहेको विद्यालयमा तालिम प्राप्त योग्य र दक्ष शिक्षकहरु भएको अवस्थामा शिक्षण कार्य सहज हुन्छ र सुधारोन्मुख पनि हुन्छ । त्यसैले शिक्षण सिकाइ कार्यमा सुधार गर्न शिक्षण सम्वन्धी राम्रो अनुभव भएका र आवश्यक व्यवस्थापकीय सीप, क्षमता र दक्षता भएका प्र.अ. चाहिन्छ र मात्र शिक्षण सिकाइवाट आउने परिणाम पनि उच्च आउने अपेक्षा गर्न सकिन्छ ।

प्रस्तुत तथ्यहरु ग्रेगरको एक्स वाई सिद्धान्त र क्ल्याण्डको उपलव्धिको सिद्धान्त अनुरुप जनशक्तिहरुमा सकारात्मक भावना ल्याउन र वढि भन्दा वढि उपलव्धि हासिल गराउन प्रधानाध्यापकलाई व्यवस्थापन तालिमले सहयोग गर्छ र परिवर्तन आउने रहेछ भन्ने स्पष्ट देखिन्छ ।

## ४.२. तालिमले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव

माथि उल्लेखित शिक्षण सिकाइ क्रियाकलाप र भौतिक निर्माण वाहेक विद्यालयका अन्य व्यवस्थापकीय पक्षहरुमा समेत एक महिने व्यवस्थापन तालिमले प्रत्यक्ष प्रभाव पारेको पाइएको छ । विद्यालयहरुको स्थलगत भ्रमण गरी विगत र वर्तमानमा तुलना गर्दा परिवर्तनका निम्न अवस्थाहरु पाइए । विद्यालयमा मौजुद रहेको तथ्याङ्क र कार्यक्रमहरुलाई तुलानात्मक रुपमा अध्ययन गर्दा स्थिति निम्न पाइएको छ ।

### ४.२.१ योजना निर्माण र प्रयोगको अवस्था

व्यवस्थापन तालिमले विद्यालय व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने योजना निर्माणको तरिका र प्र.अ. ले योजनालाई महत्व दिने क्रममा पनि निम्न परिवर्तका अवस्थाहरु देखिएका छन् । जसलाई निम्न तालिकाले पुष्टि गर्दछ ।

**तालिकाः चार, विद्यालयका योजना निर्माण र प्रयोगको तुलानात्मक अवस्था**

| कार्यक्रम | विद्यालय | २०६४ | २०६७ |
|---|---|---|---|
| १. विद्यालय वार्षिक कार्यपात्रो निर्माण | जनक मा.वि. | भएको तर अंग नपुगेको | ठीक निर्माण भएको |
| | मेची नि.मा.वि. | नभएको | भएको |
| | राष्ट्रिय प्रा.वि. | नभएको | भएको |
| २. विषयगत वार्षिक कार्ययोजना निर्माण | जनक मा.वि. | नभएको | भएको |
| | मेची नि.मा.वि. | नभएको | भएको |
| | राष्ट्रिय प्रा.वि. | नभएको | भएको |
| ३. अतिरिक्त क्रियाकलाप संचालन | जनक मा.वि. | कहिलेकाहि हुने | वार्षिक कार्यपात्रो अनुसार |
| | मेची नि.मा.वि. | विशेष अवस्थामा हुने | वार्षिक कार्यपात्रो अनुसार |
| | राष्ट्रिय प्रा.वि. | नहुने | वार्षिक कार्यपात्रो अनुसार |
| ४. विद्यालय सुधार योजनाको अवस्था | जनक मा.वि. | अरुको सहयोगमा बन्ने | ऋाफैं बनाउन सक्ने |
| | मेची नि.मा.वि. | अरुको सहयोगमा बन्ने | ऋाफैं बनाउन सक्ने |
| | राष्ट्रिय प्रा.वि. | अरुको सहयोगमा बन्ने | आफैं बनाउन सक्ने |

*स्रोत : विद्यालय अभिलेख तथा स्थलगत सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाबाट तीन वटै विद्यालयका प्र.अ.हरुले तालिम लिन पूर्व योजनाको महत्व नबुझेको र आाफू स्वयं त्यस्ता योजना तर्जुमा कार्यमा लागी हाल्न नसक्ने अवस्थामा रहेको देखिन्छ भने तालिम पश्चात सबैले योजनाको महत्व बुझेर सोही अनुसार निर्माण र प्रयोगमा जोड दिन थालेको पाइएको छ । योजना निर्माण गर्नु भनेको विद्यालय र शिक्षक हरुको लागि अतिरिक्त बोझमात्र हो भन्ने सोच तीनैजना प्र.अ. सँग तालिम लिनु पूर्व रहेको तर तालिमले उक्त सोचमा परिवर्तन ल्याएको सबैको विचार पाइयो । अब विद्यालयमा योजना किन चाहिने रहेछ र क-कसलाई प्रयोग गर्दा कसरी कसरी योजना बन्छ र योजनामा राखिएका कुरालाई कति महत्व दिएर अगाडि बढ्नु पर्ने रहेछ भन्ने बारेमा पनि सबैलाई जानकारी बोध भएको भन्ने बुझियो ।

विद्यालयका सबै कार्यक्रमहरु कार्यपात्रोका आधारमा मात्र सञ्चालन गर्नुपर्ने, सबै शिक्षकहरुले बार्षिक कार्ययोजना बनाएरमात्र शिक्षण गर्नु पर्ने, अतिरिक्त क्रियाकलाप पनि

योजानबद्ध रुपमा राखिनु पर्ने र विद्यालय सुधार योजना विद्यालय विकासका लागि महत्वपूर्ण योजना भएको कारण यसलाई निर्माण गरि अद्यावधिक राख्दै विद्यालयका हरेक क्रियाकलाप यसैका आधारमा मात्र संचालन गरिनु पर्नेमा सबै प्र.अ हरुको ध्यान गएको र परिवर्तनका अवस्थाहरु पनि देखिन लागेको तालिका चारबाट स्पष्ट हुन्छ ।

### ४.२.२ विद्यालयका विभिन्न क्रियाकलापहरुको तुलानात्मक अवस्था

तालिमले विद्यालयको योजना निर्माण मात्र नभएर अन्य विभिन्न कार्यक्रमलाई पनि महत्वका साथ अगाडि बढाउनु पर्ने प्र.अ. कै कर्तव्य हुने रहेछ र विद्यालयका हरेक कुरा परिवर्तन गर्न प्र.अ. को भूमिका सर्वोपरि हुने रहेछ भन्ने कुरा पनि प्र.अ.लाई बोध भएको निम्न तालिका बाट पुष्टि गर्न सकिन्छ ।

**तालिकाः पाँच, विभिन्न क्रियाकलापहरुको तुलानात्मक अवस्था**

| कार्यक्रम | विद्यालय | २०६४ | २०६७ |
|---|---|---|---|
| १. शिक्षक स्टाफ बैठक | जनक मा.वि.<br>मेची नि.मा.वि.<br>राष्ट्रिय प्रा.वि. | आवश्यक परे बस्ने<br>कहिलेकाहि बस्ने<br>नहुने | मासिक बस्ने<br>मासिक बस्ने<br>२/२ महिनामा बस्ने |
| २ शैक्षिक सामाग्री निर्माण कार्यशाला | जनक मा.वि.<br>मेची नि.मा.वि.<br>राष्ट्रिय प्रा.वि. | नभएको<br>नभएको<br>नभएको | वार्षिक १ पटक हुने<br>आवश्यक भएको वेला<br>नभएको |
| ३ विद्यार्थीलाई टाइको व्यवस्था | जनक मा.वि.<br>मेची नि.मा.वि.<br>राष्ट्रिय प्रा.वि. | नभएको<br>नभएको<br>नभएको | भएको<br>भएको<br>भएको |
| ४ प्र.अ.वाट कक्षा अवलोकन | जनक मा.वि.<br>मेची नि.मा.वि.<br>राष्ट्रिय प्रा.वि. | कहिले कहिले<br>कहिले कहिले<br>कहिले कहिले | कक्षा चल्दा निरन्तर<br>हप्तामा एक पटक<br>आवश्यकता परेको वेला |
| ५ अभिभावक भेला | जनक मा.वि.<br>मेची नि.मा.वि.<br>राष्ट्रिय प्रा.वि. | वर्षमा १ पटक<br>आवस्यक परे हुने<br>आवस्यक परे हुने | वर्षमा २ पटक<br>वर्षमा २ पटक<br>वर्षमा २ पटक |

*स्रोत : विद्यालय अभिलेख तथा स्थलगत सर्वेक्षण, २०६७*

प्रस्तुत तालिकाबाट विद्यालयले सञ्चालन गर्ने विभिन्न क्रियाकलाप र कार्यक्रमहरुको तुलानात्मक चित्र स्पष्ट हुन्छ। सबै विद्यालयले पहिला स्टाफ बैठकको महत्व त्यति बुझ्रेर त्यसलाई शिक्षण सिकाई सुधार र विद्यालय विकासका लागि प्रयोग गर्ने नगरेको पाइन्छ भने तालिम पश्चात सो अवस्थामा परिवर्तन भइ नियमित बैठक बस्ने गरेको पाइयो । अभिलेख हेर्दा बैठकमा शिक्षण सिकाई सुधारका लागि पनि निर्णयहरु हुन थालेको पाइएको छ। प्र.अ. ले शैक्षिक सामग्रीको महत्वलाई पनि ध्यान केन्द्रित गरेको र सो पक्षमा समेत परिवर्तन ल्याइएको छ । जनक उ.मा.वि. ले त बार्षिक रुपमा बर्षमा एक पटक शैक्षिक सामग्री निर्माण कार्यशाला नै गर्न थालेको र मेची नि.मा.वि. ले पनि आवश्यक्ता पर्दा गर्ने गरेको पाइयो । राष्ट्रिय प्रा.वि. मा भने विद्यालयमा आवश्यक सामग्री विद्यमान रहेको र आवश्यक परे भविष्यमा त्यस्तो काम गरिने रहेछ।

सार्वजनिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको फरक कम गर्न उनीहरुको पोशाक र सरसफाई पनि एउटा कडि रहेछ भन्ने सोचका साथ तीनै वटा विद्यालयका प्र.अ.ले तालिम प्राप्ति पश्चात विद्यार्थीहरु नियमित सफा पोशाकका साथ विद्यालय आउनु पर्ने र पोशाकमा टाइपनि अनिवार्य हुने पर्ने व्यवस्था गरेका छन् । नि.मा.वि. र माध्यमिक तहका विद्यार्थीहरुले विद्यालयले लागत खर्चमा उपलब्ध गराएको टाई खरिद गरी लगाउंछन भने प्राथमिक तहका विद्यार्थीहरुलाई विद्यालय श्रोतबाटै खर्च व्यहोर्ने गरी टाई उपलब्ध गराइएको पाइयो ।

विद्यालयको शैक्षिक अवस्था सुधारका लागि प्र.अ. ले नियमित कक्षा अवलोकन गर्नु पर्ने पक्षमा तालिमबाटै ज्ञान प्राप्त गरी सो को थालनि गरिएको भन्ने तीनवटै प्र.अ. का विचार छन् । यसबाट शिक्षण सिकाई र कक्षा क्रियाकलापमा थुप्रै सुधार आएकोमा उनीहरु विश्वस्त छन । विद्यालय समुदाय सम्बन्ध सुधारको माध्यमका रुपमा रहेको अभिभावक भेलालाई नियमानुसार बर्षमा दुई पटक गर्नै पर्नेमा पनि सबै प्र.अ. हरुले कार्यक्रम बनाएरै लागेका पाइयो । प्र.अ. स्वयम्ले यसबाट विद्यालयका कार्यक्रम समुदायसम्म पुर्‍याउन र अभिभावकका राय लिन सजिलो परेको स्वीकार्नु हुन्छ ।

व्यवस्थापन तालिमले माथि उल्लेखित वाहेक अन्य धेरै पक्षहरुमा पनि परिवर्तन ल्याएको शिक्षक, विद्यार्थी तथा अभिभावकहरुको विचारवाट समेत प्रष्ट हुन्छ। शिक्षकहरुलाई प्रशासनिक नियन्त्रण गर्दा गरिने व्यवहार, दैनिक रुपमा प्र.अ. वाट प्राप्त हुने सर सल्लाह जस्ता व्यवहारहरुमा पनि तालिमले प्रत्यक्ष प्रभाव पार्ने र सकारात्मकता ल्याउन सघाउ पर्‍याउने रहेछ भन्ने सवै विद्यालयका शिक्षकहरुको राय रहेको पाइयो। प्रशासनिक काममा पहिले भन्दा धेरै चुस्तता आएको भन्ने सवै शिक्षकहरुको विचार छ।

व्यवस्थापन तालिम पश्चात प्र.अ.ले विद्यालयमा धेरै परिवर्तन ल्याएको भन्नेमा अभिभावकहरु पनि सहमत पाइए। विद्यार्थीहरुलाई अनुशासन कायम राख्न देखि लिएर विद्यालयको वातावरण लाई नै सुधार गर्ने पक्षमा प्र.अ. को प्रमुख हात हुने रहेछ यसका लागी प्र.अ. मा हालसालै देखि आएको परिवर्तनले राम्रो भुमिका निर्वाह गरेको अभिभावकको राय पाइयो। यीनै विचारसंग मिल्दा विचारहरु सवै विद्यालयका विद्यार्थीहरुका पनि रहेका छन्। उनीहरु पनि प्र.अ. ले गर्ने व्यवहार अहिलेको केही वर्ष यता परिवर्तन आएको कक्षा अनुशासन र विद्यालयको वातावरणमा सुधार आएको छ भन्दछन्।

यी सवैपक्षका सवै विचारहरुवाट समेत व्यवस्थापन तालिमले विद्यालयको शैक्षिक, भौतिक, प्रशासनिक लगायत समग्र पक्षको विकासमा सकारात्मक भूमिका निर्वाह गर्ने र विद्यालयको उन्नति प्रगति हुने रहेछ भन्नेमा पुग्न सकिन्छ। प्र.अ. को सोचमा आएको परिवर्तन मात्रले पनि सबै विद्यालयहरुमा शैक्षिक वातावरणमा सुधार भएका छन्। विद्यार्थी भर्ना समयमा गरिएको घरदैलो कार्यक्रमले पनि सबै विद्यालय क्षेत्रमा प्राथमिक उमेर समुहका १ जना वालवालिका पनि विद्यालय वाहिर रहेको छैनन् भन्ने देखाएको छ। सबै विद्यालयमा सफा पोशाक र टाई लगाएका विद्यार्थीहरु आउनाले अभिभावकमा समेत प्रशन्नता रहेको पाइयो।

सवै विद्यालयमा अनुशासन कायम गर्ने सवालमा शिक्षकहरुको सक्रियता पनि उत्तिकै पाइयो तर यसमा प्र.अ. को हौसलाले नै मुख्य भूमिका निर्वाह गर्ने रहेछ भन्नेमा सवैको एकमत पाइयो। समयमै विद्यालय आउने, समय सम्म विद्यालयमा वस्ने कक्षामा समयमै जाने र पुरा समय सम्म अध्यापन गराउने, सवै विद्यार्थीहरुलाई नियमित गृहकार्य

दिने र दिईएको गृहकार्य परीक्षण पनि गरीदिने परिपाटि पनि सवै विद्यालयका सबै शिक्षकहरुमा पाइयो । विद्यार्थीहरु पनि कक्षा समय र कुनै दिन कक्षा खाली भएको अवस्थामा शिक्षकको सहयोगमा उनीहरु आफैंले बनाएको कक्षा नियम अनुसारका व्यवहार र क्रियाकलापमा लाग्ने गरेकोले बाहिर डुल्दै गरेको नपाइएको अवस्था सबै विद्यालयहरुमा पाइयो । यी सबै क्रियाकलापहरुमा प्र.अ. को प्रेरणादायी भुमिका भने रहेकै पाइयो ।

यी सबै विवरण र क्रियाकलाप हेर्दा पनि हामी ग्रेगरको एक्स वाई सिद्धान्त र क्ल्याण्डको उपलब्धिको सिद्धान्त ठयाक्कै ब्यवहारमा परिणत भएको देख्न सक्छौ । तीनवटै विद्यालयका सवै मानवीय पक्षहरुमा सकारात्मक परिवर्तन आई उपलब्धि हासिल गर्नमा सहायक सिद्ध भएको पाइएको छ ।

## ४.३ विद्यालय व्यवस्थापनमा आईपर्ने समस्याहरु

विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार ल्याई अन्तत विद्यालयवाट प्राप्त हुने उपलब्धिको स्तर उच्च वनाउन सर्वप्रथम सवै विद्यालयमा कार्यरत प्र.अ. हरुलाई व्यवस्थापन संग सम्वन्धित तालिम दिएर मात्र आ-आफ्नो काममा खटाउँदा त्यसवखत राम्रो परिणाम निस्कने रहेछ भन्ने निष्कर्षमा पुग्दा सम्ममा हामीले प्र.अ. जतिसुकै तालिम प्राप्त भएपनि उसले काम गर्दै जाँदा आफ्नो कार्यक्षेत्रमा विविध समस्याहरु भने सामना गर्नै पर्ने वास्तविकता विर्सन नमिल्ने रहेछ । तालिम प्राप्त भएपनि प्र.अ.ले सामना गर्नु पर्ने समस्याहरु निम्नानुसार पाइयो ।

### क) नीतिगत समस्या

श्री जनक उच्च मा.वि. का प्र.अ. का अनुसार प्र.अ. को कार्यक्षेत्र ज्यादै बोझिलो हुनु, शिक्षक दरवन्दी र पेशागत सुरक्षाको स्पष्ट किटान नहुनु, विद्यालय निरीक्षणमा स्पष्ट जिम्मेवारी नतोकिएकाले वि.नि. र स्रोत व्यक्ति कोहिपनि विद्यालय निरीक्षण गर्न नआउनु, स्थानीय निकायले आफ्नो जिम्मेवारी अनुसारको काम नगर्नु जस्ता नीतिगत समस्या विद्यमान रहेको वताउनु हुन्छ । मेची नि. मा. वि. का प्र.अ. पनि माथिका भनाई सँग सहमति नै जनाउँदै अझ थप कुरा विद्यालय भनेको विना बजेट स्वंय सेवाको भरमा चल्ने संस्था जस्तो संझने सरकारी नीति पनि समस्या हो भन्नु हुन्छ । कार्यगत एकरुपता ल्याउन समय समयमा प्र.अ. वदलनु पर्ने भए प्र.अ. लाई परिवर्तन गर्नु अगाडि नै वा

परिवर्तन हुनासाथ तालिम गराउनु पर्ने नीति नभए सबै विद्यालयमा कार्यगत एकरुपता नहुने र तालिम प्राप्त प्र.अ.को काम गराइलाई समाजले विभिन्न आरोप लाउने गर्दा रहेछन भन्ने पनि वहांको राय छ ।

यी भनाइहरुवाट स्थानिय निकायले विद्यालय व्यवस्थापनमा गर्नुपर्ने कामको स्पष्ट नीतिबन्न नसकेको विद्यालय निरीक्षण सम्वन्धि स्पष्ट नीति बन्न नसकेको, विद्यालय संचालनका लागी पर्याप्त सरकारी वजेट उपलव्ध हुन नसकेको, प्रधानाध्यापक पद स्थायी पदको स्थापित हुन नसकेको जस्ता नीतिगत समस्याहरु विद्यमान रहेको देखिन्छ ।

**ख) कार्यगत समस्या**

कार्यगत समस्याका सम्वन्धमा श्री मेची नि.मा.वि. का शिक्षक स्टाफ संग छलफल गर्दाका विचारहरु अनुसार आफू सरहनै कक्षा लिनु पर्ने भएकाले प्र.अ. लाई सुपरिवेक्षण गर्ने र शिक्षकलाई सल्लाह दिने समय नहुनु, वि.नि. र स्रोत व्यक्तिहरु कहिल्यै विद्यालयमा देखा नपर्नु, जुटाइएका भौतिक पुर्वाधार पनि शिक्षण सिकाइ अनुकूल हुन नसक्नु, विद्यार्थीहरु नियमित कक्षा नआउनु, अभिभावकले विद्यालय र शिक्षकहरु प्रति हेर्ने दृष्टिकोण सकारात्मक वन्न नसक्नु नै प्रमुख समस्या विद्यमान रहेका छन् ।

यसै विषयमा राष्ट्रिय प्रा.वि. तकपतका प्र.अ. संग छलफल गर्दा नीतिलाई विभिन्न कारणले व्यवहारमा उतार्न नसक्ने अवस्था रहेको, सवै शिक्षक आफू समान तह र योग्यता भएको कारणले आफैंले पनि सल्लाह दिन नसकिएको र विद्यालयको वातावरणलाई जतिसुकै शैक्षिक बनाएपनि विद्यालय वाहिरको सामाजिक वातावरणले विद्यालयलाई प्रभाव पारि रहने भएकाले काम गर्न जहिले पनि समस्या उत्पन्न हुने गरेको भन्ने राय व्यक्त गर्नु भयो ।

यी विचार र अवस्था विश्लेषणहरु वाट विविध समस्याले शिक्षण सिकाइ सुधार गर्न कठिनाइ परेको स्पष्ट हुन्छ । अभिभावक र स्थानीय वातावरणले सकारात्मक सोच नराख्ने हो भने प्र.अ., शिक्षक र विद्यालयको प्रयास मात्र शिक्षण सुधारको सवै पक्ष होइन भन्ने स्पष्ट हुन्छ । यसवाहेक एक तह माथिको व्यक्तिलाई प्र.अ. बनाउने नीति कार्यरुपमा नआएकोले पनि समस्या जहिले पनि रहिरहेको, प्र.अ.को जिम्मेवारी मौजुदा शिक्षकमध्ये

एकजनालाई तोक्ने काम मात्र गरेको तर उसले काम कति गर्नु पर्छ भन्ने नहेरिएको कार्यगत समस्या पनि विद्यमान रहेको पाइयो ।

### ग) नियमित निरीक्षण अनुगमनको अभाव

अध्ययनका क्रममा विद्यालय सम्वद्ध पक्षले यसलाई समस्याका रुपमा उठाएकाले वास्तविकता हेर्दा विद्यालय नियमित निरीक्षण र सुपरिवेक्षणको जिम्मा पाएका व्यक्तिहरुको गत ३ वर्षको निरीक्षणको वास्तविक अवस्था निम्नानुसार पाइए ।

**तालिकाः छ, विद्यालय अनुगमन पटक (अनुगमन अवधि २०६५ देखि २०६७ भर)**

| विद्यालय | अनुगमन पटक | | | |
|---|---|---|---|---|
| | जि.शि.अ. | विनि. | स्रो.ब्य. | अन्य |
| जनक उच्च मा.वि. | २ | १ | २ | १ |
| मेची नि.मा.वि. | ------- | ------- | २ | ------- |
| राष्ट्रिय प्रा.वि. | ------- | १ | १ | ------- |

***स्रोत : स्थलगत सर्वेक्षण, २०६७***

माथिको तालिका अनुसार विद्यालय सुपरिवेक्षणको जिम्मा पाएका स्रोत व्यक्ति र वि.नि.हरु विद्यालय जाँदै नजानु नै पनि एउटा प्रमुख समस्या रहेको पाइएको छ । स्रोत व्यक्तिहरुलाई नियुक्ति संगै दिइने गरेको कार्य जिम्मेवारीमा कम्तिमा २ महिनामा एकपटक एउटा विद्यालय पुग्नु पर्ने गरी तोकिएको हुने, अध्ययन गरिएको स्रोत केन्द्र अन्तर्गत २५ वटा मात्र सामुदायिक विद्यालय रहेको अवस्थामा समेत आफ्नो जिम्मेवारी बुझेर विद्यालय गई रहने स्रोत व्यक्ति नहुँदा यस्तो समस्या रहेको देखियो । तीनवटै विद्यालयहरु मध्ये सवै भन्दा राम्रो अवस्था जनक उच्च मा.वि. को देखिनुमा त्यहाँ हुनेगरेको अनुगमनको पनि हात रहेको देखिन्छ । त्यहाँ केन्द्रिय स्तरबाट समेत एकपटक अनुगमन भएको पाइएको छ । मेची नि.मा.वि. र राष्ट्रिय प्रा.वि.मा स्रो.ब्य.पनि ३ वर्षको अवधिमा क्रमश २ र १ पटक मात्र पुगेको देखिन्छ ।

माथिका अवस्थाबाट वि.नि. र स्रोतव्यक्तिले विद्यालय गई रहनु पर्ने र उनीहरुले शैक्षिक र प्रशासनिक राय सल्लाह र सुझाव दिइ रहनुपर्ने भएपनि सो गरेको पाइएन विद्यालय गए पनि औपचारीकताका लागि मात्र विद्यालय गए जस्तो देखिएको छ । प्र.अ. ले अनुगमन गर्दा शिक्षकले अलि अपमान गरेजस्तो सम्झने, अधिकारनै पाएको वि.व्य.स. संग कक्षा नै अनुगमन गर्न सक्ने योग्यता भएका व्यक्ति यदाकदा मात्र रहने, स्थानीय निकायले पनि त्यस्तो काम आफ्नो जिम्माको हो भनि स्पष्ट नभएको जस्ता कमि कमजोरीहरु पनि यस क्षेत्रमा पाइयो ।

### घ) अस्वस्थ राजनीति

जानकारहरुले भनेअनुसार अहिलेको जस्तो राजनैतिक अस्थिरता मुलुकमा सायद कहिल्यै आएको थिएन होला र भविष्यमा नआओस पनि । शिक्षा क्षेत्र पनि त्यस्तो अस्वस्थताको चपेटामा परिरहेकै छ । वन्द हडतालले कहिल्यै कुनै कार्यक्रममा लक्षित समयमा पुग्नै सकिएन भन्ने सवै प्र.अ. हरुको रायमा एकरुपता पाइयो । गाँउघरमा अन्यत्र राजनीति गर्ने ठाँउ नबन्दा त्यसको केन्द्रविन्दु विद्यालय बनेको छ । घर गाँउमा शिक्षकहरुप्रति हेर्ने दृष्टिकोण स्पष्ट र सकारात्मक बन्न सकेको छैन जसको प्रत्यक्ष प्रभाव शिक्षा क्षेत्रमा परेको छ । जनक उ.मा.वि.को शिक्षक स्टाफ संगको छलफलमा वँहाहरुको विचार यस्तो छ, घरमा अभिभावकले आफू आफू गफ गर्दा शिक्षक भनेको आफनो घरमा राखेको हलि ( कामदार ) भन्दा तल्लो दर्जाको व्यक्तिमा राखेर गफ गर्ने गर्छन, त्यस्ता घरवाट आउने बालबालिकाहरुवाट सकारात्मकताको आशा कसरी गर्न सकिन्छ र ? उनीहरुले के सिक्लान भन्ने आशा गर्नु र ?

यी सवै पक्षको असर शिक्षा क्षेत्रमा परेको छ । वास्तवमा सार्वजनिक विद्यालयवाट राम्रो परिणाम हासिल हुन नसक्नुमा यस्ता पक्ष पनि जिम्मेवार छन ।

## ४.४ विद्यालय व्यवस्थापनका समस्या समाधानका उपायहरु

विद्यालयमा विद्यमान व्यवस्थापन संग सम्वद्ध समस्या समाधानका उपायहरु के के हुन सक्छन भन्ने वारेमा प्राप्त जानकारीहरु विश्लेषण गर्दा विद्यालय व्यवस्थापनमा उत्पन्न हुने समस्या समाधान गर्न भएका कानून नियमलाई पालना गर्नु गराउनु पर्ने र नीतिगत

परिवर्तनहरु गर्नु पर्ने भन्ने श्री जनक उच्च मा. वि. का प्र.अ. को विचार रहेको पाइयो । वहाँका अनुसार भएका नीतिनियम र ऐनको अक्षरस कार्यान्वयन गर्नु गराउनु पर्दछ । शिक्षक र प्र.अ. को पेशागत सुरक्षा तर्फ सवैले ध्यान पुऱ्याउनु पर्छ, नियममा भए अनुसार एक  तह माथिको र योग्यता पुगेको प्र.अ. को व्यवस्था गर्नुपर्छ र उसको क्षेत्राधिकार अझ स्पष्ट गर्नुपर्छ । स्थानीय निकाय र वि.नि. एवं स्रोत व्यक्तिको दायित्व प्रति उनीहरुलाई सजग गराउनु पर्छ, प्र.अ. हरु पनि  सवैले आ-आफ्नो जिम्मेवारी वुझेर काम गर्नुपर्छ ।

यी भनाइहरुवाट भएका नीति नियमलाई पालना गर्नु आवश्यक रहेको देखिन्छ भने सरकारले शिक्षकका पेशा प्रतिको जिम्मेवारी वढाउन प्रयत्न गर्नुका साथै विद्यालयसंग सम्वन्धित माथिल्ला शैक्षिक निकायहरुसंग विद्यालय र समुदायविच समन्वय गराउन सकेमात्र पनि नीतिगत रुपमा थुप्रै समस्याको समाधान हुने देखिन्छ । विद्यालय निरीक्षण र अनुगमनको जिम्मा पाएका पक्षलाई अझ जिम्मेवार वनाउनु पर्ने पनि हुन्छ ।

मेची नि.मा.वि. का प्र.अ. कार्यगत समस्याका समाधानका वारेमा भन्नुहुन्छ विद्यालयलाई विना खर्च चल्ने संस्थाको रुपमा नलिई जि.शि.का. वाट शैक्षिक सामाग्रीका लागी पनि रकम उपलब्ध गराउनु पर्छ, शिक्षण सिकाइ अवस्थावारे निरन्तर अनुगमन र मूल्याङ्कन गरिनुपर्छ, शिक्षकलाई तालिम दिने र तालिम दिईसकेपछि पनि तालिमको प्रयोग कक्षा कोठामा भए नभएको वारेमा हेर्ने, प्र.अ. लाई यस्तो जिम्मेवारी दिनु पर्ने भएमा उसलाई कक्षा लिने विषय कम पर्ने गरी शिक्षकको व्यवस्था गर्ने, अभिभावकहरुलाई शैक्षिक चेतना जगाउने कार्यहरु सञ्चालन गरिनु पर्ने र प्र.अ. स्वयंले पनि कक्षा अवलोकन गर्दा योजना वनाई अवलोकन गर्नु पर्ने हुन्छ ।

माथिकै जस्ता विचार राष्ट्रिय प्रा.वि. का प्र.अ.को पनि छ । उहाँ भन्नुहुन्छ, विद्यालयमा व्यवस्थापकीय पक्ष सुधार गरी शिक्षण सिकाइ सुधार गर्न शिक्षकमा पेशा प्रतिको जिम्मेवारी वोध हुनु जरुरी छ, प्र.अ. को आज्ञापालन गर्ने, समयको ख्याल गर्ने र लगनशील हुन जरुरी छ । विद्यालयको गतिविधिको रेखदेखमा वि.व्य. स. शिक्षक र अभिभावकमा समन्वय हुन जरुरी छ र विद्यालय सुपरिवेक्षणमा वि.व्य.स. पनि लागे समस्याको केही हद सम्म भएपनि समाधान हुन्छ ।

यी भनाइहरुवाट भएका नीति नियमलाई कार्यरुपमा ल्याँउदा कार्यगत समस्या धेरै समाधान हुने देखिन्छ । यसका अतिरिक्त थप केहि कुराहरु आएका छन्, जि.शि.का. मार्फत शैक्षिक सामाग्री उपलब्ध गराउनु पर्ने, सवै शिक्षकहरुलाई वालमनोविज्ञान र वालकेन्द्रित शिक्षण विधि संग सम्वन्धित तालिम दिइनुपर्ने र दिइएको तालिम कक्षाकोठामा प्रयोग भए नभएको नियमित अनुगमन र पृष्ठपोषण हुनुपर्ने, विद्यार्थीलाई नियमित कक्षामा उपस्थित गराउन अभिभावक सचेतना कार्यक्रम चलाउनु पर्ने जस्ता विचारहरु कार्यगत समाधानका लागी आएका छन् । कुनै पनि कुराको उद्देश्य मात्र निर्धारण गर्नु भन्दा कार्यान्वयनमा जोड दिनु वढि महत्वपूर्ण हुन्छ । त्यसैले शिक्षा क्षेत्रमा पनि बनेका नीति नियमहरुलाई व्यवहारमा उतार्न सवै पक्ष लाग्नुपर्छ । यसका लागी सवैले मिलेर उचित वातावरण सिर्जना गर्नुपर्छ ।

शैक्षिक क्षेत्रको समस्या साँच्चै समाधान गर्ने हो भने सर्वप्रथम विद्यालय क्षेत्रलाई राजनैतिक थलोको रुपमा हेर्ने परिपाटिको अन्त्य हुनु जरुरी छ । वन्द हडताल जस्ता राजनैतिक कार्यक्रमहरुले विद्यालयलाई प्रभाव नपार्ने प्रतिवद्धता समाजका सवै पक्षवाट हुन जरुरी छ । यस्तो वाह्य हस्तक्षेप बाट जोगाउन विद्यालयको आन्तरिक वातावरणले पनि केही भूमिका खेलिरहेको हुन्छ । यसमा प्र.अ. र शिक्षक स्टाफ आफैं सधै सजग रहनु पर्छ होसियार वन्नु पर्छ । आफ्ना पक्षमा केहि निर्णय नभएमा वा आफुलाई केहि असजिलो महशुस भए आफैं कुनै राजनैतिक क्षेत्रमा शरण लिन गई हाल्ने परिपाटि अन्त्य गरिनु पर्नेमा प्र.अ. स्वयं र सवै शिक्षकहरु सचेत रहनु पर्दछ ।

समाज र सवै अभिभावकहरुमा शिक्षाको महत्व वारेमा सचेतना जगाउनुपर्छ ता कि विद्यालय वन्द जस्ता कार्यक्रमहरु कसैले राखेमा त्यसको प्रतिवाद गर्न उनीहरु स्वयं लाग्ने गरुन, विद्यालय राजनीति गर्ने थलो होइन रहेछ भन्ने वारेमा उनीहरु स्वयंले वुझुन । हुन त कुनैपनि मुलुकको अस्थिर राजनैतिक अवस्था लामो समय रहने कुरो होइन । केही समय यस्तो अवस्था रहेपनि दीर्घकालमा यस्ता समस्या समाधान भएर जानेछन र विद्यालय राजनितिमुक्त क्षेत्रको रुपमा विकास हुदै जानेछ त्यतिखेर यस्ता समस्या आफैं पनि समाधान हुनेछन ।

# परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

व्यवस्थापन तालिमले विद्यालय व्यवस्थापनमा के कस्ता प्रभाव पारेको छ र अन्तत त्यसवाट विद्यालयवाट प्राप्त हुने उपलब्धिहरुमा के कस्तो प्रभाव पारेको रहेछ भन्ने विषयवस्तुमा केन्द्रित भई गरिएको प्रस्तुत अध्ययन इलाम जिल्लाको सुदूर पूर्वी श्री अन्तु गा.वि.स. अन्तर्गतका मा.वि., नि.मा.वि. र प्रा.वि. तहका एक-एकवटा गरी तीन वटा विद्यालय नमुनाका रुपमा लिई सम्पन्न गरिएको छ । अध्ययनमा अवलोकन, अन्तरवार्ता, छलफल र अन्तर्क्रियावाट प्राप्त प्रतिक्रिया एवं भराइएका प्रश्नावलीका आधारमा प्राप्त विवरण र तथ्याङ्कहरुलाई व्याख्या र विश्लेषण गर्ने कार्य गरिएको छ ।

विद्यालयमा व्यवस्थापन कार्यमा सुधार ल्याई शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी वनाउन व्यवस्थापन तालिमले सकारात्मक प्रभाव परेको देखिएको छ । शिक्षा संयन्त्रका लागि मानव संसाधनको उचित परिचालन गर्नमा व्यवस्थापन तालिमले प्र.अ. लाई सक्षम वनाएको पाइएको छ । तर त्यति हुदाँ हुदैं पनि शिक्षा र विद्यालय व्यवस्थापनका लागि कति नीति नियमहरु वनेर पनि व्यवहारमा लागु नभएको पाइएको छ भने शिक्षक स्वयंमा पेशागत सुरक्षा नभएको, एउटै तह र कक्षाहरुमा अध्यापन गराउने शिक्षकहरु पनि ३-४ खाले हुँदा काम गराइमा उर्जा कम महशुश भई अपेक्षा गरे जति काम लिन नसकिएको अवस्था रहेको पाइयो । शिक्षा क्षेत्रमा लगानी गर्नुपर्ने अनुपातमा सरकारी खर्च कम भएकोले शैक्षिक सामग्री, खेलकूद सामाग्री लगायतका कुरा तर्फ कम ध्यान गएको पाइयो ।

शिक्षण सिकाइ क्रियाकलाप संग गरिनुपर्ने निरन्तर विधार्थी मूल्याङ्कन कार्यक्रम वारेमा अन्योलता रहेको पाइयो । विद्यार्थीहरुको नियमितताका लागी विद्यालयको एकाहोरो प्रयासमात्र संधैको लागि समाधान होइन रहेछ यसका लागि सर्वप्रथम अभिभावक सचेत हुनुपर्ने रहेछ भन्ने पाइएको छ । विद्यालयको वर्तमान अवस्था सुधारमा अझ प्रयास गर्नु पर्दा स्थानीय निकाय तथा विद्यालयको नियमित निरीक्षण र सुपरिवेक्षणको जिम्मा पाएका

जिम्मेवार पक्षलाई अझ पनि जिम्मेवारी बोध गराउन केही कदम सम्वन्धित निकायले चालिहाल्नु पर्ने पनि प्रस्तुत अध्ययनवाट देखिएको छ ।

## ५.२. निष्कर्ष

व्यवस्थापन तालिमले विद्यालयको समग्र पक्षको व्यवस्थापनमा पारेको प्रभावका सम्वन्धमा गरिएको प्रस्तुत अध्ययन एउटा सानो क्षेत्रको जनसंख्याबाट प्राप्त तथ्याङ्क, विवरण, प्रतिक्रिया र सुझावहरुका आधारमा गरिएको व्याख्या र विश्लेषण भएकाले यसले मुलुक भरिको प्रतिनिधित्व गर्न त नसक्ला तर पनि विद्यालयहरुका वर्तमान अवस्था प्राय सवैतिर एकै खालको हुने हुँदा धेरै कुराहरु मिल्ने र व्यवहारिक पनि हुन्छन् ।

व्यवस्थापन तालिम पश्चात तालिम प्राप्त प्र.अ. ले तालिम नलिएका प्र.अ. को तुलानामा विद्यालयको शैक्षिक र भौतिक व्यवस्थापन दुवैलाई सन्तुलन कायम गर्दै शिक्षण सिकाइको प्रतिफल उच्च वनाउन प्रयत्न गरेको देखिन्छ । अध्ययन गरिएका विद्यालयहरुमा तालिमकै प्रतिफल स्वरुप विद्यालयको शैक्षिक र भौतिक दुवै पक्षमा सुधार भएको देखिन्छ । यति हुँदा हुंदै पनि प्र.अ.को कार्यबोझ बढि भएको कारणले उनीहरुमा कार्य व्यस्तता र समयको अभाव भने जहिले पनि रहि रहेको पाइएको छ । भौतिक अवस्थामा सम्पन्न विद्यालयले शैक्षिक अवस्था मात्र सुधार गर्न थाल्दा हुने देखिएको छ भने भौतिक अवस्था सम्पन्न नभएका विद्यालयमा पहिले भौतिक सुधारलाई नै प्राथमिकता दिएर अनि दोश्रो प्राथमिकता मात्र शैक्षिक पक्ष सुधार्ने तर्फ लाग्ने गरेको देखिएको छ ।

शैक्षिक क्षेत्रको वर्त्तमान अवस्थामा सुधार ल्याई शैक्षिक, आर्थिक, भौतिक र मानवीय क्षमता अभिवृद्धि गर्न यस क्षेत्रको सवै जनशक्तिलाई तालिम प्राप्त बनाउन जरुरी देखिएको छ । यसवाट मात्र समग्र शैक्षिक क्षेत्रको उन्नति हुने देखिन्छ । विद्यालयका शिक्षकहरु शिक्षण विषयवस्तुमा तयारी अवस्थामा आए नआएको, पाठयोजना अनुसार शिक्षण गरे नगरेको, सोहिअनुसार शैक्षिक सामग्री भए नभएको, विद्यार्थी सक्रियता वृद्धि गरे नगरेको, मुल्याङ्कन गरे नगरेको जस्ता कक्षा क्रियाकलापहरुको अनुगमन कार्य देखि लिएर विद्यालयको भौतिक उन्नति, विद्यालय समुदाय सम्वन्ध सम्मका सबै क्रियाकलापका लागी जिम्मेवार व्यक्ति

प्र.अ. लाई सर्वप्रथम जिम्मेवारी वोधकै तालिम प्रदान गरिनु आवश्यक देखिएकोमा तालिमले उक्त कार्य गरेको पाइएको छ ।

शैक्षिक गतिविधिलाई सुधार गर्न शिक्षा संग सम्वन्धित मानव संसाधनको काम कर्त्तव्य र अधिकार स्पष्ट किटान गरिएको भएपनि त्यसलाई सही रुपमा व्यवहारमा उत्तार्न सही प्रशासकको खाँचो पर्दछ सो को पूर्त्ति एउटा तालिम प्राप्त प्र.अ. मार्फत हुन सक्छ । ग्रेगरको एक्सवाई र क्ल्याण्डको उपलव्धिको सिद्धान्त अनुसार मानवीय क्षमता अभिवृद्धि गर्दै सकारात्मकताको भावना लिए वढि भन्दा वढि उपलब्धि हासिल गर्न पनि प्र.अ. को सक्षमता अभिवृद्धि नै उत्तम विकल्प हुन सक्छ ।

## ५.३ सुझावहरु

प्रस्तुत अध्ययन गर्दा प्राप्त जानकारी तथा सूचनाहरुको व्याख्या विश्लेषणवाट व्यवस्थापन तालिम पछि विद्यालय व्यवस्थापनमा परेको प्रभाव अध्ययनवाट विद्यालय व्यवस्थापनका क्रममा आइपर्ने समस्या संग जुध्दै यसलाई अझ सशक्त वनाउन निम्न सुझावहरु दिइएको छ ।

### ५.३.१. नीतिगत तह

शिक्षण सिकाइ सुधारमा विद्यालयको शैक्षिक तथा भौतिक वातावरणको महत्वपूर्ण भूमिका हुने सो को व्यवस्थापन विद्यालयका प्र.अ. वाट हुने हुन्छ । यसका लागि आवश्यक योग्यता पुगेको सक्षम र तालिम प्राप्त प्र.अ. को व्यवस्था सवै विद्यालयमा हुन जरुरी छ । नीति नियमले व्यवस्था गरे अनुसारको प्र.अ. खटाउन भएको व्यवस्थालाई व्यवहारमा उतार्नु पर्दछ । स्थानीय निकायहरु तथा विद्यालयको निरीक्षक तथा सुपरिवेक्षणको जिम्मा पाएका वि.नि. र स्रोत व्यक्तिहरुलाई आ–आफ्नो कार्य जिम्मेवारी वारे क्रियाशिल, सक्रिय र सजग वनाउनुपर्छ । समग्र शिक्षा क्षेत्र नै परिवर्तनशील क्षेत्र भएकाले प्र.अ.लाई सेवा प्रवेश गर्दा एक पटक मात्र होइन प्रत्येक शैक्षिक सत्रको शुरुमा अघिल्लो वर्षको कामको समीक्षा सहित विद्यालय व्यवस्थापन सम्वन्धि पुनर्ताजगी तालिम वर्षेनी दिईरहनु पर्छ ।

शिक्षकहरुमा भने पेशागत सुरक्षाको ग्यारेण्टी गरी कार्य सम्पादन मुल्याङ्कनका आधारमा पुरस्कार र दण्डको व्यवस्था मिलाई प्रभावकारी कार्यान्वयन गरिनुपर्ने हुन्छ ।

प्रत्येक मा.वि. मा शिक्षा शास्त्र वाट स्नातकोतर गरेका, नि.मा.वि.हरुमा शिक्षाशास्त्रमा स्नातक गरेका हरुलाई मात्र प्र.अ. नियुक्ति गर्नुपर्ने व्यवस्था मिलाई हाल्नु पर्छ । शिक्षाशास्त्रमा स्नातकोत्तर गरेको शिक्षकहरु विद्यमान रहेको स्रोतकेन्द्रहरुमा भने त्यस्ता व्यक्तिलाई प्राथमिकता दिएर यदि जनशक्ति नै नपाउने अवस्था रहेमात्र शिक्षा शास्त्रका स्नातक स्रोत व्यक्ति राख्ने व्यवस्था गर्नुपर्ने हुन्छ र मात्र काम गर्ने र लगाउने बीच समन्वय हुन सक्छ । स्रोतव्यक्तिहरुलाई निरीक्षण क्षेत्रको आकार घटाएर भएपनि प्रत्येक महिनामा एक दिन विद्यालय पुग्नै पर्ने र विद्यालय गएका दिन एकदिन पुरै समय विद्यालयमा विताउनु पर्ने व्यवस्था गरिनु पर्छ ।

### ५.३.२. अभ्यासगत तह

विद्यालय तहमा शिक्षण सिकाइमा सुधार गर्ने कार्य लक्ष्य अनुरुप नहुनु भनेको विद्यालयको व्यवस्थापकीय पक्ष तथा बनेका नीति, नियम, ऐन, कानून समुचित रुपमा परिपालन नहुनु हो । त्यसैले व्यवस्थापन कार्यमा संलग्न हुने व्यक्तिलाई तालिम प्राप्त वनाउनु र वनेका नीति ,नियम, ऐन, कानुनको कार्यान्वयन गराउने प्रशासनिक पक्षलाई सबल बनाइनु पर्छ । शिक्षाशास्त्र अध्ययन गरेका वा १० महिने तलिम लिएका व्यक्तिलाई मात्र प्र.अ. वनाउने नीति लाई प्रभावकारी कार्यान्वयन गर्नाको अतिरिक्त प्र.अ. लाई दिइने ब्यवस्थापन तालिम १ महिने वाट वढाई २.५ महिने ब्यवस्थापन र नेतृत्व विकास सम्बन्धी तालिम गराउन जरुरी देखिन्छ र वर्षेनी छोटो अवधिको पुनर्ताजगी तालिम पनि दिइरहनु पर्छ ।

जिल्ला शिक्षा कार्यालयबाट कार्यक्रम बनाई फिल्ड खटिने व्यक्तिहरुको कामको अनुगमन पनि गरिनुपर्छ । स्रोत व्यक्तिहरुको फिल्ड कार्यक्रम जि.शि.अ. ले स्वीकृत गर्ने परम्परा हटाई वि.नि वा स्रोत केन्द्र विद्यालयका प्र.अ. ले स्वीकृत गर्ने वर्तमान व्यवस्थाले पनि निरीक्षण फितलो बनाएको छ । यसलाई यतिञ्जेलको अभ्यासले असफल नै वनाएकाले पुरानै परिपाटिमा फर्काई जि.शि.अ. ले नै फिल्ड स्वीकृत गर्ने र जि.शि.का. मै स्रोत ब्यक्तिको हाजिर खाता राख्ने परम्परा कायम गरिनुपर्छ ।

प्र.अ. लाई कार्यबोझ वढि भएको वर्त्तमान सन्दर्भमा प्र.अ. को शिक्षणभार भरसक कम गर्ने व्यवस्था मिलाउनु पर्छ तर कक्षा नै लिनु नपर्ने गरी भने होइन । समग्रमा नीति,

नियम, योजना र कार्यक्रम जतिसुकै उत्कृष्ट भएपनि कार्यान्वयन तहमा लागु हुन नसक्दा नै लगानी अनुरुपको प्रतिफल प्राप्त नभएको हो । त्यसैले शिक्षाका जस्तासुकै कार्यक्रम, पाठयक्रम,पाठयपुस्तक लगायत शैक्षिक योजना वनाइएपनि कार्यान्वयन र प्रयोग गर्ने थलो र आधारभुत संरचना विद्यालय तहमा तीनको प्रयोग समुचित वनाउन सवै शैक्षिक सरोकारवालाहरुलाई सक्रिय वनाई वनेका नीति नियम कार्यक्रम र योजना कार्यान्वयन गर्न गराउन सबैले लागि पर्नु पर्ने देखिन्छ ।

### ५.३.३. अनुसन्धानात्मक तह

विद्यालयमा शिक्षण सिकाइ सुधार नहुँदा सम्म शैक्षिक गुणस्तरको प्रत्याभुति हुन सक्दैन । शिक्षण सिकाइ सुधारका लागि विद्यालयको शैक्षिक वातावरण, भौतिक अवस्था लगायत मानवीय संसाधनलाई प्रयोग योग्य वनाइनु जरुरी हुन्छ । विद्यालय र विद्यार्थीहरुको समुचित विकासका लागी गर्नु र गराउनु पर्ने सवै काम क्रियाकलापहरुमा प्र.अ. को विशेष दखल हुन जरुरी छ । शिक्षालाई जहिले पनि विभिन्न कार्यक्रम प्रयोग गर्ने थलोका रुपमा मात्र राखेर हेरिनु हुन्न । केहि नँया कार्यक्रमहरु प्रयोग गरि हालियो भने त्यसको प्रभावकारिता हेरेर कार्यान्वयन पनि गराउनु पर्छ । विद्यालय तह भनेको विना वजेट शिक्षकको तलव मात्र दिएर सवै थोक दिइएको संभ्रेर सवै काम आफै चल्छन भन्ने मानसिकतामा परिवर्तन आउनुपर्छ ।

यी कुराहरु अत्तिरिक्त विद्यालयको भौतिक व्यवस्थापनले शिक्षण सिकाइमा पार्ने प्रभावको खोजी, शिक्षण सिकाई सुधारमा खेल्ने भूमिका शिक्षण सिकाइमा स्थानीय समाज र संस्कृतिको प्रभाव, प्र.अ. शिक्षकको सम्वन्ध, विद्यालय समुदाय सम्वन्ध, शिक्षकको पेशागत ग्यारेण्टी र त्यसको शिक्षणमा पर्ने प्रभाव शिक्षण सिकाई सुधारमा स्थानीय निकायको भूमिका जस्ता विषयहरुमा थप अनुसन्धान गरिएको खण्डमा शिक्षण सिकाई सुधारमा सवै भन्दा वढि प्रभाव कुन क्षेत्र वा पक्षवाट पर्ने रहेछ भन्ने जानकारी प्राप्त हुने र हामीलाई भावि दिनमा  अगाडि वढने वाटो प्राप्त हुने हुन्छ ।

समग्रमा विद्यालयको शैक्षिक, भौतिक, मानवीय स्रोत र साधन परिचालन गर्ने व्यक्तिलाई सर्वप्रथम त्यसवारे वढि जानकार वनाएर कार्य क्षेत्रमा खटाए मात्र काम भए नभएको मुल्याङ्कन गर्न सकिने भएकाले प्र.अ. लाई उक्त पदमा नियुक्ति दिए लगत्तै तालिम पनि दिइहालनु पर्छ ।

# सन्दर्भ ग्रन्थ


कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्र वहादुर (२०६२), ***शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,*** काठमाण्डौ : विधार्थी पुस्तक भण्डार ।

शैक्षिक तालिम केन्द्र, इलाम (२०६३ ) ***तालिम प्रभावकारिता अध्ययन,*** इलामः लेखक ।

शैक्षिक तालिम केन्द्र, इलाम (२०६४) ***तालिम प्रभावकारिता अध्ययन,*** इलामः लेखक ।

जनक शिक्षा सामाग्री केन्द्र लि. (२०६४) ***शिक्षा पाठयपुस्तक कक्षा ९,***भक्तपुरः लेखक ।

जनक शिक्षा सामाग्री केन्द्र लि. (२०६४) ***शिक्षा पाठयपुस्तक कक्षा १०,*** भक्तपुरः लेखक ।

अधिकारी, विष्णुप्रसाद र पौडेल, आनन्द (२०६३) ***शिक्षा शास्त्र र नेपालमा शिक्षा,*** काठमाण्डौः आशिष पुस्तक भण्डार ।

शैक्षिक जनशक्ति विकास केन्द्र, (२०६५ र २०६६) ***तालिमको प्रभावकारीताका लागी क्षेत्रीय कार्यशालाहरुको प्रतिवेदन*** , भक्तपुरः लेखक ।

शिक्षा विकास अनुसन्धान केन्द्र (२०५३) ***फर्मेटिभ अनुसन्धान परियोजना,*** कीर्तिपुरः लेखक ।

पौडेल, देवीचरण (२०६७) ***शिक्षण सिकाई सुधारमा प्रधानाध्यापकको सुपरिवेक्षकीय भूमिका,*** (अप्रकाशित शोधपत्र), कीर्तिपुरः शिक्षाशास्त्र केन्द्रीय विभाग ।

***नेपालको अन्तरिम संविधान २०६३,*** पाचौं संसोधन सहित काठमाण्डौ : मकालु प्रकाशन ।

***शिक्षा ऐन २०५९ तथा शिक्षा नियमावली २०५९*** काठमाण्डौ : आशिष पुस्तक भण्डार भोटाहिटी ।

शर्मा, गोपीनाथ (२०६०) ***नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु,*** काठमाण्डौ : आशिष पुस्तक भण्डार ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६४), ***प्रधानाध्यापकहरुका लागि सक्षमतामा आधारित विद्यालय व्यवस्थापन तालिम श्रोत सामग्री तथा तालिम पुस्तिका,*** भक्तपुरः लेखक

श्री जनक माध्यमिक विद्यालय (२०६३) ***विद्यालय सुधारयोजना*** श्रीअन्तु इलामः (अप्रकाशित योजना) ।

श्री मेचीनिम्न माध्यमिक विद्यालय (२०६३) ***विद्यालय सुधारयोजना*** श्रीअन्तु इलामः (अप्रकाशित योजना)।

श्री राष्ट्रिय प्राथमिक विद्यालय (२०६३) ***विद्यालय सुधारयोजना*** श्रीअन्तु इलामः (अप्रकाशित योजना) ।

## व्यवस्थापन तालिमले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव

## अनुसुची एक

प्र.अ. का लागि वन्द तथा खुल्ला प्रश्नावली

प्र.अ.को नाम :- विद्यालयको नाम

तलका मध्ये उपयुक्त उत्तरलाई गोलो घेरा हाल्नुहोला

१. तपाइले शिक्षण पेशा अपनाउनु भएको कति वर्ष भयो ?
   क) १-५ वर्ष । ख) ६-१० वर्ष ।
   ग) ११-१५ वर्ष । घ) १६ वर्ष भन्दा वढि ।

२. तपाइले प्र.अ. पद सम्हालेको कति वर्ष भयो ?
   क) १-५ वर्ष । ख) ६-१० वर्ष ।
   ग) ११-१५ वर्ष । घ) १६ वर्ष भन्दा वढि ।

३. तपाईले शिक्षण र व्यवस्थापन सम्वन्धी कुनै तालिम लिनु भएको छ ?
   क) शिक्षण सम्वन्धी मात्र । ख) व्यवस्थापन सम्वन्धी मात्र ।
   ग) शिक्षण र व्यवस्थापन दुवै । घ) कुनै पनि लिएको छैन ।

४. तपाईले तालिम लिएको भए तालिम लिदा कस्तो ज्ञान प्राप्त गर्नु भयो ?
   क) सैद्धान्तिक मात्र । ख) व्यवहारिक मात्र ।
   ग) सैद्धान्तिक व्यवहारिक दुवै . घ) त्यस्तो ज्ञान त केहि पाइएन

५. तालिम लिनु अगाडि र पछाडि केही फरक महशुश गर्नु भएको छ ?
   क) केहि गरेको छु । ख) धेरै गरेको छु ।
   ग) केहि पनि गरेको छैन । घ) त्यस्तो केहि भएको छैन ।

६. तालिम लिई फर्केपछि सुधारका लागी कुन कुन क्षेत्रलाई रोज्नु भएको छ ?
   क) शैक्षिक क्षेत्र । ख) भौतिक क्षेत्र ।
   ग) शैक्षिक र भौतिक दुवै । घ) विद्यालयका समग्र क्षेत्र ।

### खुल्ला प्रश्नावली (यसको उत्तर अर्को पेजमा दिनुहुन)

१. तपाईले कुन सालमा, कांहा र कति अवधिको तालिम लिनुभयो ?

२. तालिम लिदा तपाईलाइ कस्तो महशुस भयो?

३. तालिमको सैद्धान्तिक मान्यता र विद्यालय फर्केपछिको व्यवहारिकतामा केही फरक पाउनु . भयो?

४. तालिमको समयावधि सम्वन्धमा तपाइको विचार के छ ?

५. यसलाई अझ प्रभावकारी वनाउन के गर्नुपर्ला ?

६. तालिममा सिकेको कुरा व्यवहारमा उत्तार्न तपाईलाइ के कस्ता समस्या आइपरेको छ ?

७. तिनको समाधान के गर्दा हुन्छ जस्तो तपाईलाइ लाग्छ ?

## व्यवस्थापन तालिमले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव

## अनुसुची २

## वि.व्य.स.का लागी खुल्ला प्रश्नावली

नाम : विद्यालय :

तलका प्रश्नका उत्तर यसै पेजमा दिनुहोला ।

१. यो विद्यालयको प्र.अ. कति वर्ष देखि कार्यरत हुनुहुन्छ ? _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _

२. उहाले विद्यालय व्यवस्थापन सम्वन्धि तालिम लिनुभएको छ ?_ _ _ _ _ _ _ _ _ _ _ _

३. उहाका काम गराइप्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?_ _ _ _ _ _ _ _ _ _ _ _

४. तपाईको विद्यालयमा प्र.अ. ले तालिम लिएपछि ल्याउनु भएका परिवर्तनहरु तपाईलाई

. थाहा भए सम्म निम्न वुँदामा उल्लेख गरिदिनु होला :

क) _ _ _ _ _ _ _ _ _ _ _ _

ख) _ _ _ _ _ _ _ _ _ _ _ _

५. प्र.अ. लाई व्यवस्थापन संग सम्वन्धित तालिम दिदा हुने फाइदाहरु के के हुने रहेछन .

. भन्ने तपाईलाइ लाग्यो ?

क) _ _ _ _ _ _ _ _ _ _ _ _

ख) _ _ _ _ _ _ _ _ _ _ _ _

६. प्र.अ. को काम गराइमा सुधार गर्नुपर्ने कामको सुझाव भए दिनुहोला

क) _ _ _ _ _ _ _ _ _ _ _ _

ख) _ _ _ _ _ _ _ _ _ _ _ _

सहि _ _ _ _ _ _ _ _ _ _ _

मिति_ _ _ _ _ _ _ _ _ _ _

# व्यवस्थापन तालिमले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव

## अनुसुची ३

## शिक्षकहरुका लागी खुल्ला प्रश्नावली

नाम :                                                                विद्यालय :

तलका प्रश्नका उत्तर यसै पेजमा दिनुहोला ।

१. तपाईको विद्यालयका प्र.अ. कतिवर्ष देखि उक्त पदमा कार्यरत हुनुहुन्छ ?_ _ _ _ _ _ _

२. उहाले व्यवस्थापन तालिम लिनु भएको कति वर्ष भयो ?_ _ _ _ _ _ _ _ _ _ _

३. उहाको विद्यालय सञ्चालन शैली तपाईलाइ कस्तो लाग्छ ?_ _ _ _ _ _ _ _ _ _ _

४. उहाको त्यो शैलिलाई व्यवहारीक, शिक्षण अनुकुल र विद्यालय विकास अनुकुल मान्नु हुन्छ ? _ _ _ _ _ _ _ _ _ _ _

५. यसलाई तपाई तालिमको प्रभाव हो भन्न सक्नुहुन्छ ?   _ _ _ _ _ _ _ _ _ _ _

६. तालिम अगाडि र पछाडि प्र.अ. को व्यवहारमा के कस्ता परिवर्तन भएका छन् ? वुँदागत रुपमा लेखिदिनुहोला :

क) _ _ _ _ _ _ _ _ _ _ _ _

ख) _ _ _ _ _ _ _ _ _ _ _ _

७. तालिम पछाडि विद्यालय व्यवस्थापन शैलिमा आएका परिवर्तनहरु के-के रहेका छन् वुँदामा उल्लेख गरिदिनुहोला :

क) _ _ _ _ _ _ _ _ _ _ _ _

ख) _ _ _ _ _ _ _ _ _ _ _ _

८. तपाईका कक्षा शिक्षणका समस्या के के हुन ?_ _ _ _ _ _ _ _ _ _ _

९. कक्षा शिक्षणमा के गर्दा अझ सजिलो हुने थियो भन्ने लाग्छ ?_ _ _ _ _ _ _ _ _ _ _

## व्यवस्थापन तालिमले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव

### अनुसुची ४

### अभिभावकका लागी खुल्ला प्रश्नावली

अभिभावकको नाम :-

आफनो वालवालिका अध्ययन गर्ने विद्यालय :-

१. तपाईको विद्यालयका प्र.अ. लाई व्यक्तिगत रुपमा चिन्नु हुन्छ ?
   क) चिन्छु ।   ख) चिन्दिन ।
   ग) कहिले भेट भएकै छैन ।   घ) म चाहि चिन्छु वहाले कोनी ।

२. तपाईको विद्यालयका प्र.अ. को व्यवहार तपाईलाइ कस्तो लाग्छ ?
   क) राम्रो, सवैलाई समान व्यवहार गर्ने ।   ख) कसै कसैलाई मात्र ध्यानदिने ।
   ग) आफु वाहेक अरुलाई नगन्ने ।   घ) खोइ भन्ने पो सकिएन ।

३. प्र.अ.को व्यवहार र विद्यालय वातावरण प्रति तपाईको नानीहरु कतिको सन्तुष्ट छन् ?
   क) अलि अलि सन्तुष्ट छन् ।   ख) अति नै सन्तुष्ट छन् ।
   ग) असन्तुष्ट छन् ।   घ) त्यस्तो ख्याल गरेकै छैन ।

४. विद्यालयमा समय समयमा अभिभावक भेला हुने गरेको छ ?
   क) वर्षै पिच्छे हुन्छ ।   ख) वर्षमा २-३ पटक पनि हुन्छ ।
   ग) त्यस्तो भएको थाहा छैन त ।   घ) पहिला हुदैन थियो अहिले हुन्छ ।

५. अभिभावक भेला हुने भए त्यहा कस्ता कुरा हुन्छन ?
   क) स्कुलको कुरा सुनाउने मात्र ।   ख) स्कुलका कुरा सुनाउने र हाम्रा पनि सुन्ने ।
   ग) ठुला ठुला मान्छेले वोल्छन र सकिन्छ ।   घ) भेला चाहि हुन्छ तर खासै कुरा हुदैन ।

६. तपाईको विद्यालयमा पहिला र अहिलेका केहि फरक व्यवहार छन् ?
   क) त्यस्तो केहि भएको छैन ।   ख) अलि फरक भएको छन ।
   ग) मैले त फरक महशुस गरेको छु ।   घ) मलाई त यस वारे केहि थाहै भएन ।

७. विद्यालय राम्रो वनाउन कस्को हात हुन्छ जस्तो लाग्छ ?
   क) प्र.अ. ।   ख) शिक्षकहरु ।
   ग) अभिभावक र विधार्थी ।   घ) प्र.अ.,शिक्षक,विधार्थी अभिभावक सवै ।

सही_ _ _ _ _ _ _ _ _ _

मिति_ _ _ _ _ _ _ _ _ _

## व्यवस्थापन तालिमले विद्यालयमा व्यवस्थापनमा पारेको प्रभाव

## अनुसुची ५

## विद्यार्थीहरुका लागी खुल्ला प्रश्नावली

विधार्थीको नाम _ _ _ _ _ _ _ _ _ _ _ कक्षा _ _ _ _ _ _ _ _

विद्यालयको नाम _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _

१. तपाई यो विद्यालयमा कति वर्ष देखि अध्ययन गर्दै हुनुहुन्छ ?

_ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _

२. तपाईलाइ सवै भन्दा मनपर्ने र सवैभन्दा मननपर्ने शिक्षकहरु को को हुन ?

_ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _

३. प्र.अ. तपाईलाइ पढाउनुहुन्छ ?

_ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _

४. प्र.अ. ले तपाईलाइ के के गर्नु हुन्छ वा हुदैन भनेर सल्लाह दिनुहुन्छ ?

_ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _

५. विद्यालयको वातावरण तपाईलाइ मन पर्छ ?

_ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _

६. तपाईको विद्यालयमा अतिरिक्त क्रियाकलाप हुन्छ ? हुन्छ भने तपाईले भाग लिनुहुन्छ ?

_ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _

७. तपाईको विद्यालयको वातावरण पहिल्यै देखि यस्तो हो कि भर्खरबाट यस्तो भएको हो ?

_ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _

८. तपाईलाइ पढाइको क्रममा के कस्ता समस्या आउने गरेका छन् ?

_ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _

९. तपाईलाइ सरहरुले र प्र.अ. ले कहिलेकहिं पिटनु पनि हुन्छ हो ?

_ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _

१०.यो विद्यालयमा के अझ के के भइदिए राम्रो हुन्थ्यो जस्तो लाग्छ ?

_ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _ _

# व्यवस्थापन तालिमले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव

## अनुसुची ६

## विद्यालय सर्वेक्षण फारम

विद्यालयको नाम :

### क) शैक्षिक जनशक्ति विवरण

| क.स. | शिक्षकको नाम | शैक्षिक योग्यता | स्थायी अस्थायी | तालिम | | तलव स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | प्राप्त | अप्राप्त | | |
| | | | | | | | |

### ख) नतिजा सर्वेक्षण फारम

| क.स | कक्षा | साल | विधार्थी संख्या | | | | पास प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | भर्ना जम्मा | परीक्षादिने | कक्षा छोडने | पास | |
| १. | ५ | २०६४<br>२०६५<br>२०६६ | | | | | |
| २. | ८ | २०६४<br>२०६५<br>२०६६ | | | | | |
| ३. | एस. एल. सी | २०६४<br>२०६५<br>२०६६ | | | | | |

## ग) भौतिक अवस्था विवरण

| क.स. | विवरण | २०६५ को अवस्था | हालको अवस्था |
|---|---|---|---|
| १. | भवन संख्या | | |
| २. | कोठा संख्या | | |
| ३. | फर्निचर सेट(कक्षाकोठामा) | | |
| ४. | पुस्तकालय सुविधा | | |
| ५. | खेलमैदान | | |
| ६. | कम्प्युटर | | |
| ७. | पिउने पानी | | |
| ८. | शौचालय | | |

## घ) विद्यालयका कार्यक्रमगत अवस्थाको तुलना

| क.स. | कार्यक्रम | २०६४ को अवस्था | ह्रालको अवस्था |
|---|---|---|---|
| १. | विद्यालय वार्षिक कार्यपात्रो निर्माण | | |
| २. | विषयगत वार्षिकार्ययोजना निर्माण | | |
| ३. | अतिरिक्त क्रियाकलाप संचालन | | |
| ४. | शिक्षक स्टाफ वैठक | | |
| ५. | शैक्षिक सामाग्री निर्माण कार्यशाला | | |
| ६. | विधार्थीलाइ टाइको व्यवस्था | | |
| ७. | प्र.अ.वाट कक्षा अवलोकन | | |
| ८. | अभिभावक भेला | | |
| ९. | विद्यालय सुधार योजना निर्माण | | |